# स्थानीय-राजपत्र

भरतपुर महानगरपालिकाद्धारा प्रकाशित

| खण्डः १ | संख्याः ५१ | मितिः २०७८/०३/०६ |
|---|---|---|


## भाग-२

## आपतकालीन पूर्वतयारी तथा प्रतिकार्य योजना(कार्यविधि),२०७८

भरतपुर महानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
भरतपुर, चितवन
बागमती प्रदेश, नेपाल

Scanned with CamScanner

## १.१ पृष्ठभूमि तथा भौगोलिक अवस्थिति

भरतपुर महानगरपालिका प्रदेश ३ अन्तरगत चितवन जिल्लामा पवित्र नारायणी नदीको किनार एवं प्रसिद्ध धार्मिकस्थल देवघाटको काखमा रहेको छ । विसं २०३५, २०४८, २०७१ र २०७३ को विभिन्न प्रशासकीय निर्णयहरुको आधारमा हालको महानगरपालिकाको क्षेत्र निर्धारण गरिएको छ ।

यस महानगरपालिकाको पूर्वमा चितवन जिल्लाकै रत्ननगर नगरपालिका, कालिका नगरपालिका तथा इच्छाकामना गाउँपालिका, र उत्तरमा तनहुँ जिल्ला रहेका छन् भने पश्चिम तथा दक्षिणमा जैविक विविधताले भरीपूर्ण प्रख्यात चितवन राष्ट्रिय निकुञ्ज रहेको छ । नारायणी नदीको पश्चिमपट्टि प्रदेश ४ को नवलपुर जिल्ला पनि रहेको छ । महानगरपालिकाको नक्शा चित्र नं १ मा रहेको छ ।

ऐतिहासिक, आर्थिक, सामाजिक, धार्मिक, पर्यटकीय तथा साँस्कृतिक रुपले परिचत यस महानगरपालिका विकासको लागि महत्वपूर्ण मानिएको पूर्व पश्चिम वा महेन्द्र राजमार्गको केन्द्रविन्दुमा रहेको छ र मुलुकको राजधानी काठमाडौंबाट १४६ किलोमिटर (किमि), गण्डकी प्रदेशको राजधानी पोखराबाट १२६ किमि, लुम्बिनी प्रदेशको अस्थायी राजधानी बुटवलबाट ११४ किमि र बाग्मती प्रदेशको राजधानी हेटौंडाबाट ७८ किमिको दुरीमा रहेको छ ।

जम्मा २९ वटा वडाहरु रहेको यस महानगरपालिकाको समुद्र सतह देखिको उचाई न्यूनतम १४० मिटर देखि अधितकम ३९० मिटरसम्म रहेको छ । जम्मा ४३२.९५ वर्ग किमि क्षेत्रफल रहेको यस महानगरपालिकाको औषद् ताक्रम जाडो याममा १० डिग्री देखि गर्मीयाममा ४० डिग्री सेन्टिग्रेड तथा समग्रमा २५ डिग्री सेन्टिग्रेड मापन गरिएको छ ।

## १.२ प्राकृतिक तथा साँस्कृतिक श्रोत

महानगरपालिकाको पार्श्वचित्र २०७६ अनुसार यस महानगरपालिकाको कुल भुभागमध्ये ३७ प्रतिशत भुभाग वन क्षेत्रले ढाकेको छ भने ३२.६ प्रतिशत भुभाग खेतीयोग्य जमिनले ढाकेको छ । नारायणी तथा राप्ती यस नगरपालिकामा रहेका मुख्य नदीहरु हुन् । यी नदीहरु महानगरको आर्थिक सम्वृद्धिका आडहरु हुन्भने विपद् निम्त्याउने श्रोतहरु पनि हुन् । चितवन राष्ट्रिय निकुञ्ज, वीस हजारी ताल, नारायणी नदी जस्ता प्रकृतिको अनुपम स्थान रहेको महानगरपालिका क्षेत्रमा देवघाटधाम, गणेशधाम, शिवघाट कालिका मन्दिर, छिन्नामाई जस्ता धार्मिक स्थल पनि रहेका छन् । महानगरमा रहेको प्रसिद्ध देवघाटधामको तस्विर चित्र नं २ मा रहेको छ ।

## १.३ जनसांख्यिक विवरण

महानगरपालिकाको पार्श्वचित्र २०७६ मा उल्लेख भए बमोजिम विसं २०६८ सालको जनगणना अनुसार यस महानगरपालिकाको जनसंख्यिक विवरण तालिका नं १ अनुसार रहेको छ ।

प्रमुख



Scanned with CamScanner

| तालिका नं १: भरतपुर महानगरपालिकाको संक्षिप्त जनसांख्यिक विवरण | | | | | |
|---|---|---|---|---|---|
| परिवार संख्या | पुरुष जनसंख्या | महिला जनसंख्या | जम्मा जनसंख्या | औषध परिवार संख्या | जनघनत्व |
| ६९,०३६ | १,३४,००१ | १,४६,५०१ | २,८०,५०२ | ४.०६ | ६६५.१० |

यस नगरपालिकामा क्षेत्री, ब्राम्हण, नेवार, विभिन्न दलित समुदाय, जनजाती तथा मधेशी समुदायको बसोबास रहेको छ । यस मध्ये ब्राम्हणको जनसंख्या अत्याधिक (३४.३१ प्रतिशत) रहेको छ । यहाँ हिन्दु, बौद्ध, किंरात, इसाई तथा मुस्लिम धर्मालम्वीहरु बस्छन् । पाँच वर्ष भन्दामुनी र ६० वर्षभन्दा माथिको जनसंख्या जम्मा १५.४३ प्रतिशत रहेको देखिन्छ । आपतकालीन अवस्थामा व्यक्तिगत संकटासन्नताको आधारमा यस उमेर समुह बढी जोखिममा पर्ने गर्दछ ।

## १.४ जीवनस्तर तथा सेवामा पहुँच

विसं २०६८ सालको जनगणना अनुसार घरको किसिमको आधारमा ४१.४७ प्रतिशत परिवारहरु पक्की घरमा (आरसीसी) एवं ४८.२९ प्रतिशत परिवारहरु जस्ताले वनाएको घरमा वस्छन् । घरमा पाइपधारा जडान भएका र ट्युववेल वा हाते पम्पबाट खानेपानी उपभोग गर्ने परिवार संख्या ८५.८७ प्रतिशत रहेका छन् । इन्धनको लागि एलपी ग्याँस र दाउरा प्रयोग गर्ने जनसंख्या क्रमश: ५२.७४ र ३६.६४ प्रतिशत रहेको छ । महानगरका केही वडाहरुमा खरको छानो तथा फुस्का घरहरु पनि रहेका छन् । महानगरपालिकाका ९७.२१ प्रतिशत परिवारमा विद्युतको पहुँच पुगेको छ भने ८४.०१ प्रतिशत परिवारसँग संचारको लागि मोबाइल रहेको छ । यसै गरी महानगरपालिकाका ९६.६९ प्रतिशत परिवारमा शौचालय रहेको छ । विकासका धेरै सूचकाङ्कहरु सकारात्मक भए पनि विपद्ले नकारात्मक असर पार्न सक्ने देखिन्छ ।

# २. आपतकालीन पूर्वतयारी तथा प्रतिकार्य योजना सम्बन्धी पृष्ठभूमि तथा प्रकिया

## २.१ पृष्ठभूमि

नेपाल विभिन्न प्रकारका प्रकोप तथा विपद्हरुवाट वर्षेनी प्रभावित हुने गरेको छ । चितवन जिल्ला र जिल्लाकै आधा भूगोल ओगट्ने भरतपुर महानगर क्षेत्र पनि भूकम्प, वाढी (डुवान र नदी कटान समेत), वन्यजन्तु आतङ्क, सर्पको टोकाई, हुरीबतास, चट्याङ्ग, आगलागी, पहिरो, असिना र खडेरी जस्ता प्राकृतिक प्रकोप एवं सडक दुर्घटना, माहामारी र विद्युतीय दुर्घटना जस्ता गैरप्राकृतिक प्रकोपहरुसंग सम्मुख रहेको छ । यस क्षेत्रको संकटासन्नता तथा सिमित क्षमताका कारण यी प्रकोपहरुले विपद् निम्त्याई पटक पटक आपतकालीन अवस्था सिर्जना गर्ने गरेका छन् ।

महानगरपालिकामा कुनै पनि समयमा आपतकालीन अवस्था आउन सक्ने परिस्थितिलाई आत्मसाथ गर्दै यो योजना तर्जुमा गरिएको हो ।

## २.२ योजनाको उद्देश्य

यस योजनाको समग्र तथा विशिष्ट उद्देश्यहरु तालिका नं २ मा प्रस्तुत गरिएको छ ।

तालिका नं २: योजनाका उद्देश्यहरु



Scanned with CamScanner

| | |
|---|---|
| **समग्र तथा दीर्घकालीन उद्धेश्य** | • महानगरपालिकालाई विपद्वाट उत्पन्न हुने आपतकालीन अवस्थालाई प्रभावकारी रुपमा व्यवस्थापन गर्न क्रमिक रुपमा सक्षम वनाउने । |
| **विशिष्ट तथा अल्पकालीन उद्धेश्य** | • महानगरपालिकाको वर्तमान अवस्था, यहाँ सम्मुख रहेका प्रकोपहरु तथा तिनवाट सिर्जित भएका विपद् तथा आपतकालीन अवस्था एवं आपतकालीन कार्यको लागि महानगरपालिकाको क्षमता लेखाजोखा गरी प्राथमिक प्रकोपको आधारमा आपतकालीन अवस्थामा हुन सक्ने सम्भावित हानी नोक्सानीको निर्क्यौल गर्ने ।<br>• हानी नोक्सानीको आधारमा आपतकालीन अवस्था व्यवस्थापनको लागि महानगरपालिका तथा अन्य सरोकारवालाहरुले पूर्वतयारी तथा प्रतिकार्यसँग सम्बन्धित क्रमिक रुपमा गर्नुपर्ने प्रमुख क्रियाकलापहरु प्रस्ताव गर्ने ।<br>• प्रस्ताव गरिएका क्रियाकलापहरुलाई कार्यान्वयन गर्न तथा आपतकालीन पूर्वतयारी तथा प्रतिकार्यलाई समन्वयात्मक तरिकावाट संशोधन एवं सम्पादन गर्न विद्यमान कानूनी तथा नीतिगत व्यवस्था समेतलाई ध्यान दिई स्पष्ट संरचना प्रस्ताव गरी भूमिका तथा जिम्मेवारीहरु स्पष्ट पार्नेर सो अनुसार गर्न मार्गदर्शन प्रदान गर्ने ।<br>• आपतकालीन अवस्था व्यवस्थापनको लागि सर्वमान्य कार्य संचालन विधि प्रस्ताव गरी सो अनुसार पूर्वतयारी तथा प्रतिकार्य सम्वन्धी कार्य कार्यान्वयन गर्ने ।<br>• योजनाको कार्यान्वयन सम्बन्धी अन्य जिम्मेवारीहरु तय गर्ने । |

## २.३ योजनाको लक्षित वर्ग, सीमा तथा सिमितता

महानगरपालिकाको नेतृत्व एवं समन्वय, दातृ निकाय तथा स्थानीय गैर सरकारी संस्थाको प्राविधिक सहयोगमा सरोकारवालाहरुको सहभागितात्मक पृष्ठपोषणवाट तर्जुमा गरिएको यस योजना मुलत: महानगरपालिकालाई प्रभावकारी आपतकालीन पूर्वतयारी तथा प्रतिकार्य कार्य गर्न सहयोगी हुनेछ । तर पनि यस योजना आपतकालीन पूर्वतयारी तथा प्रतिकार्यमा संलग्न भएका र आगामी दिनमा सरोकार राख्न सक्ने विभिन्न सरोकारवालाहरुसँग सम्बन्धित रहेको छ ।

जिल्ला समन्वय समिति, जिल्ला स्थित सरकारी कार्यालय, सुरक्षा निकाय, महानगरपालिकाका जनप्रतिनिधीहरु, महानगरपालिकाकै विभिन्न महाशाखा तथा शाखा, समुदायस्तरीय टोल विकास संस्था तथा अन्य समुह, महानगरपालिकामा कार्यरत राष्ट्रसँघीय निकाय, गैर सरकारी संस्था, संचार माध्यम र नीजि क्षेत्र लगायतका सवै संस्थाहरुले आपतकालीन पूर्वतयारी तथा प्रतिकार्य सम्वन्धी क्रियाकलापहरु संचालन गर्दा आत्मसाथ गर्नुपर्ने जिम्मेवारीहरु तथा समन्वय गर्नुपर्ने संयन्त्रहरु यस योजनामा समावेश गरिएको छ ।

प्रकोप तथा त्यसवाट सिर्जित विपद् व्यवस्थापन गर्न विपद् चक्र (विपद् निवारण, विपद् अल्पीकरण, विपद् पूर्वतयारी, विपद् प्रतिकार्य, विपद् पुनर्लाभ एवं विपद् पुनर्स्थापना)का सवै पक्ष तथा चरणहरुमा काम गर्न उत्तिकै जरुरी हुन्छ । यद्यपि महानगरको मस्यौदा स्थानीय विपद् तथाजलवायु उत्थानशील योजना (विसं २०७६) ले यस चक्रका धेरै पक्षहरुमा गरिनुपर्ने क्रियाकलापहरु प्रस्ताव गरिसकेको छ । यो योजना भने

विपद् पश्चात्को आपतकालीन अवस्थाका पूर्वतयारी तथा प्रतिकार्यसँग मात्र सम्वन्धित रहेको छ। यसका साथै शहरी क्षेत्रमा हुन सक्ने आपतकालीन अवस्थालाई प्राथमिकता दिइएको छ।

पूर्वतयारी तथा प्रतिकार्यको परिभाषा तालिका नं ३ मा दिइएको छ।

| तालिका नं ३: पूर्वतयारी तथा प्रतिकार्यको परिभाषा | |
|---|---|
| **पूर्वतयारी** | संभावित सन्निकट वा हालको प्रकोप घटना अथवा प्रकोप अवस्थाका असहरूको प्रभावकारी ढंगले पूर्वानुमान गर्न सक्ने, प्रतिकार्य गर्न सक्ने र त्यसवाट पुनर्लाभ लिन सक्ने सरकारी निकाय, पेशागत/व्यवसायिक प्रतिकार्य तथा पुनर्लाभ संस्था, समुदाय र स्वयं व्यक्तिहरूद्वारा विकसित ज्ञान तथा क्षमता। |
| **प्रतिकार्य** | विपद् घटना भइरहेको बेला र तत्काल घटना पश्चात् मानिसको जीवनरक्षा गर्न मानव स्वास्थ्यमा पर्न सक्ने असरहरूलाई न्यून गर्न र आम नागरिकलाई सुरक्षाको प्रत्याभूति दिनुका साथै प्रभावित व्यक्ति वा समुदायका लागि आधारभूत आवश्यकता परिपूर्ती गर्न सक्ने अवस्था सुनिश्चित गर्ने आपतकालीन सेवाहरू र सार्वजनिक सहायताका व्यवस्थाहरू। विपद् प्रतिकार्य मूलत: तत्काल एवं अल्पकालीन आवश्यक्ताहरूमा केन्द्रित रहन्छ र कहिलेकाहिं यसलाई "विपद् राहत" पनि भनिन्छ। |
| **श्रोत:विपद् जोखिम न्यूनीकरण सम्बन्धी शब्दावली, गृह मन्त्रालय, नेपाल सरकार, बिसं २०७२** | |

यस योजना तर्जुमा गर्न सकेसम्म योजना तर्जुमा सम्वन्धी अप्नाउनुपर्ने विधि तथा औजारहरु उपयोग गरिए पनि हाल विश्वव्यापी रुपमा र नेपालमा पनि फैलिएको कोभिड –१९का कारण प्रक्रियामा केही समायोजन गरिएको थियो। प्रारम्भिक रुपमा व्यापक छलफल, विस्तृत गोष्ठि तथा सकेसम्म महानगरका सवै क्षेत्रको अध्ययन र सवै सरोकारवालाहरुसँग परामर्श गर्ने प्रक्रिया आत्मसाथ गरिए पनि कोभिड –१९का कारण सवै प्रस्तावित विधि अपनाउन सकिएन। यद्यपि यस्तो सिमितताको कारण योजना तर्जुमा प्रक्रिया न्यून सहभागितात्मक तरिकावाट मात्र तयार नहोस् भन्न गोष्ठि तथा अन्यससाना छलफलवाट विविध सुचना तथा सरोकारवालाहरुको दृष्टिकोण, सुझाव एवं पृष्ठपोषण लिइएको थियो। यसका साथै सिमिततालाई सम्वोधन गर्न महानगरका २९ वटै वडामा वडास्तरीय छलफल गरी योजना तर्जुमाको आधार निर्माण गर्न सूचना संकलन गरिएको थियो र केही वडाको द्वितीय सामाग्री प्रयोग गरी सूचना संकलन गरिएको थियो। यद्यपि, कुनै अन्य सिमितता भएमा ती सिमितताहरुलाई आगामी वर्षहरुमा योजनालाई अद्यावधिक गर्ने क्रममा सम्वोधन गरिनेछ।

## २.४ योजना तर्जुमाका आधार तथा प्रक्रिया

योजना तर्जुमा गर्नको लागि विभिन्न निकाय तथा पालिकाका सरोकारवालाहरुको पृष्ठपोषण, सर्वमान्य विधि तथा प्रक्रियाहरु तथा कानूनी तथा नीतिगत व्यवस्थाहरुलाई आधार मानिएको छ।

नेपालको संविधान (वि.सं २०७२) ले विपद्ले निम्त्याउने आपतकालीन अवस्था व्यवस्थापन गर्न स्थानीय तहहरुलाई अधिकार दिएको, स्थानीय सरकार संचालन ऐन (वि.सं. २०७४) ले प्रकोप सिर्जित विपदवाट हुन सक्ने आपतकालीन अवस्था व्यवस्थापन गर्न आवश्यक पर्ने पूर्वतयारी तथा प्रतिकार्य समेत समावेश गरी मुख्य क्रियाकलापहरुको रुपरेखा प्रस्तुत गरेको छ।



Scanned with CamScanner

विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन (विसं २०७४) ले पूर्वतयारी तथा प्रतिकार्यका साथ साथै जोखिम न्यूनीकरण सम्वन्धी कार्यहरु गर्न स्थानीय तहलाई पूर्ण अधिकार प्रदान गरेको छ ।

विपद् जोखिम न्यूनीकरण राष्ट्रिय रणनीति २०७५ ले विपद जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन (विसं २०७४) अनुसार पूर्वतयारी तथा प्रतिकार्यको लागि संस्थागत क्षमता अभिवृद्धि तथा आपतकालीन कार्यसंचालन केन्द्रको क्षमता विकास गर्ने तथा आपतकालीन पूर्वतयारी योजना तर्जुमा गर्ने सम्वन्धमा मार्गदर्शन प्रस्तुत गरेको छ । विपद् जोखिम न्यूनीकरण राष्ट्रिय रणनीतिक योजना (विसं २०७५) ले चारवटा प्राथमिकता क्षेत्रहरुमध्ये प्रभावकारी प्रतिकार्यको लागि विपद् पूर्वतयारीको सुदृढीकरण गर्ने लक्ष्य राखेको छ । प्रकोप पीडित उद्धार र राहत मापदण्ड (विसं. २०७८) ले पूर्वतयारी तथा प्रतिकार्यको लागि आपतकालीन खाद्य तथा गैर खाद्य वस्तुको भण्डारण, विपद् व्यवस्थापन कोषमा रकम विनियोजन, मृत्यु अनुसार राहत रकम, नोक्सानी अनुसार राहत रकम तथा संकटासन्न समुदायको लागि विशेष आवश्यकतामा जोड दिनुपर्ने प्रावधानहरु उल्लेख गरेको हुँदा यी कानूनी तथा नीतिगत दस्तावेजहरुलाई केन्द्रमा राखी यो योजना तयार गरिएको हो । यस क्रममा अपनाइएको समग्र प्रक्रिया चित्र नं ३ मा दिइएको छ ।

**चित्र नं ३: योजना तर्जुमा प्रक्रिया**

योजना तर्जुमा प्रक्रिया

विपद् व्यवस्थापन सम्बन्धी विद्यमान कानूनी तथा नीतिगत व्यवस्थाको पुनरावलोकन

विपद् व्यवस्थापन सम्बन्धी केन्द्रिय निकायहरुसँग छलफल

महानगरपालिका स्तरीय परामर्श बैठक

मुख्य सूचनादाताहरुसँग अन्तरवार्ता

मस्यौदा दस्तावेजहरुको तयारी

मस्यौदामाथि छलफल, पृष्ठपोषण र अन्तिम दस्तावेज तयारी



Scanned with CamScanner

### ३. महानगरपालिकाको सम्मुख रहेका प्रकोप, संकटासन्न क्षेत्र, आपतकालीन व्यवस्थापन सम्बन्धी क्षमता एवं सम्भावित हानी नोक्सानी

### ३.१ विपद् तथा आपतकालीन अवस्था सिर्जना गर्ने सम्भावित तथा प्राथमिक प्रकोपहरु

महानगरका सबै वडाअध्यक्षहरुवाट वडाहरु सम्मुख रहेको प्रकोपको विवरण, सहभागितात्मक छलफल तथा नमुना वडाहरुको वस्तुस्थिति अध्ययन गर्दा समथर क्षेत्र, भित्री मधेश क्षेत्र तथा पहाडी क्षेत्रमा फैलिएको महानगरपालिका सम्मुख रहेका प्रकोपहरु तालिका नं ४ मा दिइए अनुसार रहेका छन् ।

तालिका नं ४: विगतमा भएका र हुनसक्ने प्रकोपको आधारमा प्रकोप सम्मुख रहेका वडाहरु

| प्रकोप | जोखिममा रहेका वडाहरु | कैफियत |
|---|---|---|
| भूकम्प | महानगरका सबै वडाहरु उत्तिकै जोखिममा रहेका | |
| वाढी | महानगरका वडाहरु १, ३, ४, १६, १७, १८, १९, २०, २२, २३, २४, २५, २६, २७, २८ (नारायणी नदी तटीय क्षेत्र) | |
| डुवान | महानगरका प्राय सबै वडाहरु | |
| वन्यजन्तु आतंक | सामान्यतया महानगरका वडा नं. २,५,६,७,१०,१४,१५,२०,२१ वाहेकका वडाहरु | |
| सर्पको टोकाई | महानगरका वडा नं १ देखि ४, ६ देखि ८, र १० देखि २८ लगायत वन तथा निकुञ्ज आसपासका वडाहरु | कुनै पनि वडा कुनै पनि समयमा प्रभावित हुन सक्ने |
| हुरीबतास | महानगरका प्राय: सबै वडाहरु उत्तिकै जोखिममा रहेका | कुनै पनि वडा कुनै पनि समयमा प्रभावित हुन सक्ने |
| चट्यांङ् | महानगरका वडा नं १, ४ देखि ७, ११ देखि १८, २० देखि २५ र २७ देखि २९ | कुनै पनि वडा कुनै पनि समयमा प्रभावित हुन सक्ने |
| आगलागी | महानगरका वडा नं १ देखि ८, १० देखि १२, १५ देखि १६, २० देखि २५, २७ र २८ | कुनै पनि वडा कुनै पनि समयमा प्रभावित हुन सक्ने |
| पहिरो | महानगरका वडा नं २९ | |
| असिना | महानगरका वडा नं ८, ११, १२ देखि २१ र २३ देखि २९ | कुनै पनि वडा कुनै पनि समयमा प्रभावित हुन सक्ने |
| खडेरी | महानगरका वडा नं ४, ८, ९, ११, २४, २५, २८ र २९ | कुनै पनि वडा कुनै पनि समयमा प्रभावित हुन सक्ने |
| शीतलहर | महानगरका वडा नं ४, ८, ११, १८, २४ र २५,२९ | कुनै पनि वडा कुनै पनि समयमा प्रभावित हुन सक्ने |

| | | |
|---|---|---|
| सडक दुर्घटना | महानगरपालिकाका सबै वडाहरु | शहरी क्षेत्रका वडाहरु वढी जोखिममा |

एकैपटक धेरैजनालाई असर गर्न सक्ने, धेरै मानवीय क्षति तथा घाइते वनाउन सक्ने र स्थानीय श्रोतले सम्वोधन गर्न मात्र नसकिने आधारहरुलाई हेर्दा महानगरपालिकामा आपतकालीन अवस्था सिर्जना गर्न सक्ने मुख्य ४ वटा प्राथमिक प्रकोपहरु यस प्रकार पहिचान गरिएको छ ।

- भूकम्प
- आगलागी
- वाढी र
- महामारी

## ३.२ आपतकालीन पूर्वतयारी तथा प्रतिकार्य सम्बन्धी क्षमता विश्लेषण

### कानूनी तथा नीतिगत व्यवस्था

महानगरपालिकाले विपद् तथा त्यसवाट आइपर्न सक्ने आपतकालीन अवस्थालाई आत्मसाथगर्दै पूर्वतयारी सम्वन्धी विभिन्न कानूनी तथा नीतिगत एवं संरचनागत व्यवस्था गरेको छ ।

- महानगर स्तरीय विपद् न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७५ तर्जुमा भै कार्यान्वयननमा छ !
- महानगरपालिकाको विपद् तथा जलवायु उत्थानशील योजनाको मस्यौदा तयार भएको छ। यद्यपि यस योजना महानगरपालिकावाट स्वीकृत भैसकेको छैन । योजना तर्जुमा प्रक्रिया तथा यसमा समाविष्ट भएका सूचनाहरु खास गरी वडाअनुसारको संकटासन्नता तथा प्रकोप सम्मुखतामाथि थप छलफल गर्नु आवश्यक देखिन्छ ।
- आपतकालीन अवस्थामा समन्वय गर्न पालिकामा विपद् समेत हेर्ने महाशाखा तथा विपद् शाखा रहेको छ । विपद् शाखामा कार्यरत कर्मचारीहरुले यस प्राविधिक विषयको नेतृत्व लिन विभिन्न तालिममा सहभागी भएपनि आपतकालीन व्यवस्थापनसंग सम्वन्धित थप क्षमता विकासका कार्यक्रममा सहभागी हुनुपर्ने देखिन्छ ।
- महानगरपालिकामा महानगरका मेयर एवं वडा स्तरमा वडा अध्यक्षको अध्यक्षतामा स्थानीय विपद् व्यवस्थापन समितिहरु गठन भएका छन् । यी समितिहरु गठन भएका र विपद् पश्चात् मात्र वढी क्रियाशील हुने गरेकोले आपतकालीन पूर्वतययारी तथा प्रभावकारी प्रतिकार्य सम्वन्धी क्रियाकलाप कार्यन्वयन गराउन सवै समितिहरुलाई अभिमूखिकरण आवश्यक रहेको छ ।
- जिल्ला विपद् व्यवस्थापन समिति तथा जिल्ला समन्वय समितिको कार्यक्षेत्र जिल्ला भरी भएपनि महानगरपीलिकामा नै ती निकाय वा संरचनाहरुको कार्यालय रहेको हुँदा आपतकालीन पूर्वतयारी तथा प्रतिकार्यको लागि समन्वय गर्न सहज हुनेछ ।

### प्रकोप पहिचान तथा संकटासन्नता तथा क्षमता विश्लेषण

महानगरपालिकामा प्रकोप पहिचान तथा स्तरीकरण गरिएको छ ।



Scanned with CamScanner

- स्थानीय गैर सरकारी संस्था तथा दातृ निकायको सहयोगमा विभिन्न वडा स्तरीय प्रकोप सम्बन्धी संकटासन्नता तथा क्षमता लेखाजोखा गरिएको छ । यद्यपि साधारण प्रकोप सम्बन्धी विश्लेषण गरिए पनि आपतकालीन अवस्थाको चित्रण पर्याप्त भएको छैन । यद्यपि यस योजना तर्जुमा गर्ने क्रममा आपतकालीन अवस्था ल्याउन सक्ने प्रकोपहरु छलफल गरिएका थिए ।
- महानगरको विपद् तथा जलवायु उथानशील योजनाको मस्यौदाको तयारी गर्दा वडाअनुसार पहिचान गरिएका प्रकोपहरुमा थप छफफल गर्नुपर्ने देखिन्छ ।

**सूचना, संचार तथा समन्वय**

सूचना, संचार तथा समन्य सम्बन्धी आधारभूत कार्यहरु कार्यान्वयन गरिए पनि आपतकालीन पूर्वतयारी तथा प्रतिकार्यसंग सम्बन्धित थप कार्यहरु गर्नुपर्ने हुन्छ ।

- महानगरपालिकामा विपद् सम्बन्धी सूचना संकलन र विपद् पूर्व तथा पश्चात्का क्रियाकलापहरु समन्वयं गर्नका साथै यस आपतकालीन पूर्वतयारी तथा प्रतिकार्य योजनाको कार्यान्वयनमा समन्वयकारी भूमिका निर्वाह गर्न आपतकालीन कार्यसंचालन केन्द्र स्थापना भएको छ । यस केन्द्र संचालन सम्बन्धी कार्यसंचालन विधि पनि तयार भएको छ । केन्द्रको कार्यविधि यसै योजनाको अनुसूचीको रुपमा रहेको छ । आपतकालीन अवस्थामा नोक्सानी तथा आवश्यकता सम्वन्धी लेखाजोखा गर्न तालिम प्राप्त जनशक्ति तयार गर्ने अभ्यास शुरु भएको छ तर यस प्रकारका अभ्यासहरुलाई नियमित रुपमा संचालन गर्नुपर्ने देखिन्छ ।
- आपतकालीन कार्यसंचालन केन्द्रमा दातृ निकाय तथा महानगरपालिका मार्फत प्राप्त भएका विभिन्न सामाग्रीहरु पनि उपलब्ध रहेका छन् । उपलब्ध भएका सामाग्रीहरु आपतकालीन कार्यसंचालन केन्द्रको कार्यविधिमा उल्लेख गरिएको छ । आगामी वर्षहरुमा सामाग्रीको सूचीलाई अध्यावधिक गरिनेछ ।
- महानगरपालिका स्तरीय यस केन्द्र तथा जिल्ला प्रशासन कार्यालयमा रहेको जिल्ला विपद् कार्य संचालन केन्द्रले सूचना, संचार तथा समन्वय गर्ने कार्य गरे पनि दुई केन्द्रवीच संयोजन सम्वन्धी कार्य गर्नुपर्ने देखिन्छ ।
- आपतकालीन संचारको लागि जिल्ला स्थित सुरक्षा निकायसंग संचार साधन रहेका छन् । साथै महानगरपालिकामा पनि संचार साधनहरु रहेका छन् । राष्ट्र संघीय विकास कार्यक्रम मार्फत पनि टोल फ्री नंवर, भीएचएफ जस्ता संचारका सामाग्री आपतकालीन कार्यसंचालन केन्द्रमा उपलब्ध गराइएको छ । यद्यपि ठूलो आपतकालीन समयको लागि यी साधनहरु थप गर्नुपर्ने हुन्छ ।
- विपद्को समयमा संचार सम्बन्धी कार्य गर्न तथा सूचना प्रवाह गर्न विभिन्न छापा तथा विद्युतीय संचार माध्यम रहेका छन् । दैनिक, साप्ताहिक पत्रपत्रिका एवं एमएम रेडियोको पर्याप्त उपस्थिति रहेको छ । यद्यपि आपतकालीन समयमा सम्पदान गरिनुपर्ने विषय समेतमा मानवीय रिपोर्टिङ सम्बन्धी तालिम आवश्यक देखिन्छ ।
- हालसम्म राहत वितरण गर्ने कार्यमा महानगरले एकद्वार प्रणालीको सुझाव दिएको भएपनि आपतकालीन अवस्थामा एकरुपताको लागि राहत सम्बन्धी सवै कार्यमा एकद्वार प्रणाली लाई अझ संस्थागत गर्न जरुरी देखिन्छ ।

**राहत वितरण सम्बन्धी मापदण्ड**

विपद् भै आपतकालीन अवस्था आएको खण्डमा एकिकृत तथा समन्वयतात्मक विधिबाट राहत तथा क्षतिपूर्तिको व्यवस्था गर्नुपर्ने हुन्छ । आपतकालीन अवस्थामा राहतवाट प्रभावित तथा संकटासन्न समुदायको पीडा कम गर्न अन्तराष्ट्रिय मानवीय कानून अनुसार विपद् प्रभावित व्यक्तिको अधिकारको रुपमा राहत प्रदान गर्न तर्फ थप तयारी गरिनुपर्ने देखिन्छ ।

- महानगरको आफ्नै राहत वितरण सम्वन्धी मापदण्ड रहेको छ । महानगरपालिकाले आवश्यकता अनुसार राहत वितरण गर्ने गरेको छ । यसको लागि राहतको लागि माग भएअनुसार, महानगर विपद् व्यवस्थापन समितिले उपयुक्त ठाने अनुसार र गृह मन्त्रालय एवं संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयवाट प्राप्त निर्देशन अनुसार राहत दिने व्यवस्था गरिएको छ ।
- राहत वितरणमा लक्षित समूह पहिचान चूनौतिपूर्ण हुँदै आएको छ । वास्तविक पीडितलाई राहत दिन महानगर प्रयासरत भए पनि यदाकदा राहत प्राप्त गर्ने प्राथमिक सूचीमा नपर्ने परिवारहरुले पनि राहतको माग गर्ने गरेका हुन्छन् । अतः राहतको परिमाण र राहत प्राप्त गर्ने व्यक्तिको छनौट स्पष्ट गर्ने मापदण्ड तथा प्रक्रिया भएमा दोहोर राहत प्राप्तीका समस्या कम गर्दै जान सकिन्छ । यसका लागि महानगरपालिकाका विषयगत शाखा तथा उनीहरुले नेतृत्व लिने विभिन्न विषयगत क्षेत्रमा क्रियाशील संघ संस्थाले अत्यन्त जोखिममा रहने समूह जस्तै ज्येष्ठ नागरिक, वालवालिका, महिला, अपांगता भएका व्यक्ति, शहरी गरिव जस्तालाई प्राथमिकीकरण दिनुपर्ने देखिन्छ ।
- यसका साथै महानगरको निकुञ्ज क्षेत्रमा जंगली जनावरको आतंकसँग सम्वन्धित राहत वितरण निकुञ्जले नै गर्ने गरेको छ । यसको लागि निकुञ्जले वन्यजन्तुवाट हुने क्षतिको राहत सहयोग निर्देशिका, २०६६ जारी गरी मानवीय क्षति भएमा निजको आश्रित परिवारलाई रु.१ लाख ५० हजार सम्म राहत उपलब्ध गराउने व्यवस्था भएको र राहत रकम अत्यन्त न्यून भएको सवाल र सन्दर्भ उठिरहेको हुँदा नेपाल सरकार (मन्त्रिपरिषद) ले मिति २०६९ माघ १८ मा वन्यजन्तुवाट हुने क्षतिको राहत सहयोग निर्देशिका, २०६९ लागु गरी मानवीय क्षति भएमा निजको आश्रित परिवारलाई रु.३ लाखसम्म राहत उपलब्ध गराउने व्यवस्था भएको छ । यस निर्देशिकालाई २०७२ वैशाख ३१ मा पहिलो पटक संशोधन गरी मानवीय क्षति भएमा निजको आश्रित परिवारलाई रु.५ लाख सम्म राहत उपलब्ध गराउने व्यवस्था भएको छ ।
- आपतकालीन अवस्थामा राहत वितरण कार्य पारदर्शी वनाउन तथा स्पष्ट लाभाग्राही छनौटको लागि एउटा मापदण्ड आवश्यक देखिन्छ । महानगरपालिकाले यस प्रकारको मापदण्ड यस योजनासँगै तयार गरेको छ ।

**खोज तथा उद्धार सम्बन्धी क्षमता:**

- खोज तथा उद्धारको लागि जिल्ला तथा महानगरमा रहेका सुरक्षा निकायका तीन वटै निकायहरु क्रियाशील हुने गरेका छन् । नेपाली सेना तथा शशस्त्र प्रहरी वलसँग तालिम प्राप्त जनशक्ति एवं खोज तथा उद्धारको लागि सामाग्रीहरु रहेका छन् । नेपाल प्रहरी विपद् पश्चात् भएको क्षति लेखाजोखा गर्न खटिने गरेको छ । जनशक्ति तथा सामाग्रीको पर्याप्तता नभए पनि यी सुरक्षा निकायहरु जिल्ला विपद् व्यवस्थापन समितिको निर्देशन तथा निर्णय अनुसार प्रतिकार्यको लागि खटिने गर्दछन् । खोज तथा उद्धारको क्रममा प्रभावित सबै समूहलाई उत्तिकै सहयोग आवश्यक भएपनि जोखिममा पर्न सक्ने वालवालिका, ज्येष्ठ नागरिक, अपांगता भएका व्यक्ति आदि अन्य



Scanned with CamScanner

समूहभन्दा थप जोखिममा पर्न सक्ने हुनाले खोज तथा उद्धारको क्रममा त्यस प्रकारका समूहलाई उनीहरुको लगत राखी प्राथमिकताका साथ उद्धार गरिने अभ्यासको खाँचो देखिन्छ । यसको अतिरिक्त उद्धारको समयमा नै ज्येष्ठ नागरिक तथा अपांगता भएका व्यक्तिको लागि सहायक सामाग्रीको उपलब्धता गराउने कार्य पनि हालसम्म भैनसकेको अवस्थामा आगामी दिनमा त्यस प्रकारको तयारी आवश्यक देखिन्छ ।

- महानगरपालिकामा आगलागी नियन्त्रणको लागि वारुणयन्त्र शाखा अन्तरगत तीनवटा वारुण यन्त्र भएपनि २ वटा मात्र प्रयोग गर्न मिल्ने छन् । तयारी अवस्थामा रहने यी यन्त्रहरु महानगर क्षेत्रभन्दा बाहिर पनि सेवा प्रवाह गर्ने गर्छन् । यसका साथै महानगरपालिकामा हुने आगलागी नियन्त्रण गर्न छिमेकी वा नजिकैका शहर (कावासोती, नवलपरासी वा बिरगंज, पर्सा वा, हेटौडा, मकवानपुरवाट) समेत सेवा प्रवाह हुने गरेको छ । यद्यपि ससाना आगलागीका घटनामा पनि वारुणयन्त्रको माग हुने हुँदा संख्या पर्याप्त छैनन् । श्रोतको उपलब्धता भए यी यन्त्रको संख्या वढाउनु पर्ने देखिन्छ ।
- भरतपुर अस्पतालमा आगलागी प्रभावितहरुको लागि उपचार गर्ने व्यवस्था भएपनि त्यसको लागि ५ वटा शैया मात्र रहेका छन् । यसका साथै ४० शैया रहेको अलाइभ अस्पातल तथा ट्रमा सेन्टरमा पनि आगलागी प्रभावितहरुको लागि उपचार गर्ने व्यवस्था रहेको छ । यी तथा अन्य अस्पतालमा पनि आगलागी प्रभावितहरुको लागि घाइतेको वर्गिकरणका आधारमा उपचार गर्ने व्यवस्था मिलाउन आवश्यक देखिन्छ ।
- महानगरपालिकामा धेरै अस्पतालहरु रहेका छन् र उनीहरुसँग एम्वुलेन्स पनि रहेको छ । उद्धारको लागि अस्पताल तथा नेपाल रेडक्रसका एम्वुलेन्स प्रयोग गर्न सकिन्छ । यद्यपि एम्वुलेन्स व्यवस्थापन कार्य गर्न कार्यविधि तयार गर्नुपर्ने देखिन्छ । भूकम्प तथा आगलागी तयारीको लागि नीजि अस्पतालसँग पनि सहकार्य गर्नुपर्ने देखिन्छ ।
- अस्पतालहरुमा आपतकालीन अवस्थामा प्राथमिक उपचार प्रदान गर्ने, चोटपटकको अवस्था अनुसार घाइतेको वर्गिकरण गर्ने, फिजियोथेरापी जस्ता विशेष सेवा प्रदान गर्ने जनशक्ति भएका हुँदा सरकारी तथा नीजि अस्पताल एवं नर्सिङ होममा रहेका यस्ता जनशक्तिको लगत राख्न जरुरी देखिन्छ । यसका साथै अस्पताल तथा स्वास्थ्य सेवा प्रवाह गर्ने निकायमा महिला तथा अपांगता भएका व्यक्ति विशेष संरचना पर्याप्त नभएको हुँदा त्यस प्रकारको सेवाहरु सुनिश्चित गर्नुपर्ने देखिन्छ ।
- खोज तथा उद्धारको क्रममा आवश्यक पर्ने प्राथमिक उपचारको लागि सुरक्षा निकाय तथा नेपाल रेडक्रस सोसाइटीसँग तालिम प्राप्त जनशक्ति तथा सामाग्रीहरु रहेका छन् । यद्यपि विपदले ठुलो आपतकालीन अवस्था निम्त्याएको अवस्थामा यी जनशक्ति तथा सामाग्री पर्याप्त नहुन सक्छन् ।
- खोज तथा उद्धारको लागि महानगर क्षेत्रमा सामुदायिक आपतकालीन प्रतिकार्य टोली निर्माण गरी उनीहरुको क्षमता विकास गर्ने कार्य भैरहेको छ । उनीहरुलाई आगलागी नियन्त्रण, प्राथमिक उपचार तथा खोज तथा उद्धार सम्वन्धी अन्य तालिमहरु उपलब्ध गराउने कार्य प्रारम्भ भएको छ । तर पनि नियमित रुपमा यी टोलीहरुलाई अन्य विषय (लेखाजोखा, जनचेतना अभिवृद्धि, सरसफाई प्रवर्द्धन, राहतको लागि लक्षित समूह पहिचान, आदि) मा पनि क्षमता अभिवृद्धि आवश्यक देखिन्छ ।

**आपतकालीन आश्रयस्थल, बन्दोबस्ती तथा सम्भावित शिविर-संचालन सम्बन्धी क्षमता:**

- महानगरपालिकामा आपतकालीन अवस्थामा विस्थापितहरुलाई राख्नको लागि खुल्ला स्थानहरु छनौट गर्ने कार्य जारी छ ।
- महानगरको वडा नं. २२ र २८ मा आपतकालीन सुरक्षित आवासको व्यवस्था गरिएको छ ।
- आपतकालीन अवस्थामा विस्थापितहरुलाई राख्नको लागि खुल्ला स्थानहरु छनौट भएपछि ती स्थानहरुमा न्यूनतम सेवा सुविधाहरु स्थापित गर्न आवश्यक देखिन्छ ।
- आश्रयस्थल तथा आवश्यक परेमा शिविरहरु स्थापना गर्नको लागि उपयुक्त जिम्मेवारी पनि पहिचान गर्नुपर्ने देखिन्छ । शिविर तथा आश्रयस्थल व्यवस्थापनमा कार्य गर्ने संघ तथा संस्थाहरुलाई सम्बन्धित विषयगत क्षेत्रमा समावेश गरी शिविर व्यवस्थापनको जिम्मेवारी दिनु आवश्यक देखिन्छ ।
- प्राय: जसो आपतकालीन अवस्थामा विद्यालय भवन एवं अन्य सार्वजनिक भवनहरु आपतकालीन आश्रयस्थलको रुपमा प्रयोग हुने हुँदा यी पूर्वाधारहरुमा आवश्यक खानेपानी, शौचालय, अस्थायी सिकाई केन्द्र, आदिको व्यवस्थापन सम्वन्धी कार्यहरु गर्नुपर्ने हुन्छ । विद्यालय तथा समुदायमा रहेका चौरहरु मानवीय सेवा प्रवाह गर्न प्रयोग हुने भएकोले वजारमा पहुँच, भौगोलिक अवस्था, धार्मिक महत्व जस्ता पक्षहरुलाई आत्मसाथ गरी उपयुक्त स्थान छनौट गर्नुपर्ने देखिन्छ ।
- प्रभावकारी रुपमाखोज तथा उद्धार गर्न र राहत उपलब्ध गराउन यातायतको व्यवस्था गर्न राहत सामाग्री भण्डारण गर्न आवश्यक भएपनि राहत सामाग्री भण्डारणको लागि महानगरले थप भण्डारण स्थान तयार गर्नुपर्ने हुन्छ । नीजि क्षेत्र खास गरेर उद्योग वाणिज्य संघ चितवन, उद्योग परिसंघ र चितवन उद्योग संघसँग सम्वन्धित संस्थाहरुलाई उनीहरुको क्षमता अनुसार परिचालन गर्नुपर्ने हुन्छ । यातायात व्यवसायीसँग समन्वय गरी राहत सामाग्री प्रभावित समुदायसँग लैजाने कार्यमा थप कार्य तथा समन्वय आवश्यक देखिन्छ ।

**स्वास्थ्य, खानेपानी एवं सरसफाई सम्वन्धी क्षमता:**

- अस्पताल तथा स्वास्थ्य केन्द्रहरु पर्याप्त रुपमा रहेकोले आपतकालीन अवस्थामा स्वास्थ्य सेवाहरु प्रदान गर्न सहज हुने देखिन्छ । यद्यपि पूर्वतयारी अवस्थामा सरसफाई सम्वन्धी जनचेतनामूलक कार्यहरु गर्नुपर्ने देखिन्छ ।

**शिक्षा सम्वन्धी क्षमता:**

- महानगरपालिकाले आपतकालीन अवस्थामा विद्यालयहरु अस्थायी आश्रयस्थलको रुपमा उपयोग हुने हुनाले विद्यालयमा खानेपानी तथा सरसफाईको प्रवन्धलाई प्राथमिकतामा राखेको छ ।
- महानगरले विद्यालयहरुलाई आपतकालीन अवस्थामा पनि शिक्षा प्रदान गर्न के कस्ता विषयमा ध्यान दिनुपर्छ भन्ने विषयमा शिक्षकहरुलाई अभिमूखिकरण नभएको परिप्रक्ष्यमा त्यस प्रकारको कार्य गर्न जरुरी देखिन्छ ।
- वालिका, अपांगता भएका वालवालिका, दलित समुदायका वालवालिका, गरिव परिवारका वालवालिका, आदि आपतकालीन अवस्थामा वेचविखन, वालमजदुरी जस्ता कार्यमा जोखिममा रहने भएकोले उनीहरुको संरक्षणमा विशेष ध्यान दिन आवश्यक देखिन्छ । महानगरमा अपांगता



Scanned with CamScanner

भएका वालवालिकाले समेत अध्ययन गर्नै हुँदा आपतकालीन अवस्थामा उनीहरुसँगको संचार, उनीहरुको सहायक सामाग्रीको अवस्था जस्ता विषयमा पनि तयारी गर्नुपर्ने देखिन्छ ।

**पोषण तथा खाद्य सुरक्षा तथा पुनर्लाभ सम्बन्धी क्षमता:**

- आपतकालीन अवस्थाको लागि आवश्यक पर्ने खाद्यान्न महानगर क्षेत्रमा रहेका वजार क्षेत्रले पुरा गर्न सक्ने देखिन्छ । यद्यपि उद्योग वाणिज्य संघसँग सम्वन्धित निकायसँग मौजुदा रहेको सामाग्रीको लेखाजोखा नियमित रुपमा गर्नुपर्ने देखिन्छ ।
- वजारहरु धेरै रहेको हुँदाकुनै न कुनै वजार क्षेत्र आपतकालीन अवस्थामा क्रियाशील हुने देखिए पनि आगामी वर्षहरुमा क्रियाशील हुने वा नहुने वजारको वारेमा विस्तृत अध्ययन जरुरी देखिन्छ ।
- आपतकालीन अवस्थामा वालवालिका, ज्येष्ठ नागरिक तथा स्तनपान गराउने महिलामा विशेष पोषण आवश्यक हुने हुँदा तत् सम्वन्धी ज्ञान आवश्यक देखिन्छ । अत: आवश्यक पोषणको वारेमा जनचेतना जगाउन महिला स्वास्थ्य स्वयंसेविकाको संजाल रहेको हुँदा स्वयंसेविकाको परिचालन गर्न थप अभिमुखिकरण आवश्यक हुन्छ ।

**संरक्षण सम्बन्धी क्षमता**

- महानगरमा संरक्षण सम्वन्धी कार्य गर्ने कार्य स्वास्थ्य तथा सामाजिक विकास महाशाखा अन्तरगत रहेको छ । यसले आपतकालीन अवस्था तथा दीर्घकालीन विकासको क्रममा एकल महिला, विद्युवा, आपाङ्गता भएका व्यक्ति, ज्येष्ठ नागरिक, आदिले संरक्षण सम्वन्धी अनुभव गर्ने समस्याहरु समाधान गर्ने र सवाप्रवाह गर्ने गर्छ । यद्यपि आपतकालीन अवस्थामा यी समुहहरु वढी जोखिममा रहने हुँदा उनीहरुको संरक्षणमा ध्यान दिने क्रियाकलापहरु कार्यान्वयन गर्न जरुरी देखिन्छ । यसका लागि सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने तथा भत्ता प्राप्त नगर्ने व्यक्तिहरु जस्तै दैनिक ज्यालादारी गर्ने व्यक्तिहरु, शहरी गरिव वस्तीमा रहने व्यक्तिहरु, आदिको अग्रिम रुपमा विवरण राख्न जरुरी हुन्छ ।
- आपतकालीन अवस्थामा जोखिममा रहन सक्ने यी वर्गहरुलाई मनोवैज्ञान्कि परामर्शको लागि जनशक्ति तयार गर्नुपर्ने देखिन्छ ।

**गैर सरकारी तथा नीजि क्षेत्रको क्षमता**

- जिल्ला स्तर तथा महानगरपालिका स्तरमा विभिन्न गैरसरकारी संस्था, संचार माध्यम एवं नीजि क्षेत्रको उल्लेख्य उपस्थिति रहेको छ । यी संस्थाहरुमा आपतकालीन पुर्वतयारी तथा प्रतिकार्यसँग सम्वन्धित विभिन्न क्षमताहरु रहेका छन् ।
- उद्योग वाणिज्य संघमा विपद् व्यवस्थापन समिति गठन गरिएको छ भने विपद् व्यवस्थापन कार्यमा प्रयोग गर्न आपतकालीन कोषको पनि व्यवस्था गरिएको छ । कोभिड १९ को समयमा मात्र लगभग डेड् करोड् भन्दा वढी रकम वरांवराको राहत उपलव्ध गराइएको छ । यस संस्थाले विपद् अल्पीकरण तथा क्षमता अभिवृद्धि क्रियाकलाप पनि संचालन गरिरकेको छ । विभिन्न क्षमता



Scanned with CamScanner

विकासका कार्य गर्दा विपद्लाई प्राथमिकता दिन उद्योग वाणिज्य संघ तथा अन्य नीजि क्षेत्रसँग समन्वय गर्न सकिने देखिन्छ। जोखिम हस्तान्तरण, आगलागी नियन्त्रण सम्वन्धी औजारको प्रवर्द्धन, जनचेतना अभिवृद्धि, विपद् उत्थानशील भवन निर्माण र राहत वितरण, आदिकार्यमा नीजि क्षेत्रसँग समन्वय गर्न सकिन्छ। बाढी नियन्त्रणमा उद्योग वाणिज्य संघले अल्पींकरणमा गर्ने सहयोगलाई अझ वढाउन सकिन्छ।

- आगमी दिनमा महानगर क्षेत्रमा भएका संघ संस्थाको नक्सांकन कार्यलाई अद्यावधिक गरी उनीहरुले आपतकालीन अवस्थामा गर्न सक्ने सहयोग पहिचान गर्नुपर्ने देखिन्छ।

**आपतकालीन कोषको व्यवस्था**

- महानगरपालिले विपद् व्यवस्थापन कोष निर्माण गरेको छ र यसलाई परिचालन गर्नको लागि विपद् व्यवस्थापन कोष संचालन कार्यविधि (२०७८) समेत प्रमाणिकरण गरेको छ।
- यस कार्यविधिमा कोषको लागि आवश्यक श्रोत, कोषको प्रयोग, कोष संचालनको लागि संरचना तथा राहतको लागि विभिन्न नियम तथा उपनियमहरु प्रस्ताव गरिएको छ।
- गतवर्ष मात्र महानगगरपालिकाले लगभग ५ करोड रकम विनियोजन गरी राहतकार्यमा खर्च गरेको छ।

**विपद् सम्बन्धी पूर्वतयारीको अवस्था:**

- नाराणी नदीमा पूर्व सुचना प्रणाली रहेको भएपनि अन्य नदी तथा अन्य प्रकोप सम्वन्धी पूर्व सूचना प्रणाली विकास गरी जोखिम कम गर्न सकिने देखिन्छ। महानगरपालिकामा रहेका नदीहरुको माथिल्लो तटीय क्षेत्रमा रहेका समुदाय, सुरक्षा निकाय र जनप्रतिनिधि तथा महानगरपालिकामा रहेका यी सरकोकारवालाहरुवीच समन्वयात्मक संजाल तयार गर्न सके पूर्वसूचनाका आधारमा क्षति कम गर्न सकिन्छ।
- महानगरपालिकामा भवन निर्माण आचारसंहिताको पूर्ण पालना भएको पाइदैन। आवासीय भवन निर्माण गर्दा पनि पारिवारिक पूर्वतयारी भएको देखिँदैन। आगलागी नियन्त्रणमा प्रत्येक घरमा सामाग्रीहरु राखिन सक्ने भएपनि सो अनुसार पारिवारिक पुर्वतयारी छैन। यसका साथै विद्यालय तथा अस्पतालजस्ता क्षेत्रमा सुरक्षित वहिर्गमन मार्ग र विपद्को समयमा सुरक्षित रुपमा भेला हुने स्थान पहिचान नभएको हुँदा तत् सम्वन्धी कार्य गर्नुपर्ने देखिन्छ। महानगरपालिकाले आपतकालीन अवस्था निम्त्याउन सक्ने पेट्रोल पम्प तथा अस्पतालमा कडाइका साथ अनुगमन गर्नुपर्ने देखिन्छ।
- महानगर क्षेत्रमा ४०० भन्दा वढी टोल विकास संस्था रहेका छन्। आपतकालीन अवस्थामा यी संस्थाले प्राथमिक उद्धारकर्ताको भुमिका निर्वाह गर्ने भएकोले यस्ता संस्थालाई खोज तथा उद्धार, आगलागी नियन्त्रण, लेखाजोखा, प्राथमिक उपचार, आदि सम्वन्धी तालिमको आवश्यकता रहेको छ। यद्यपि टोल विकास संस्थालाई श्रोत विनियोजन गर्ने, महिला संजाल तथा सामाजिक सेवामा कार्यरत लायन्स क्लव जस्ता अन्य समूह परिचालन गरी श्रोत संकलन गर्न सकेमा पूर्वतयारीमा यी संस्थाहरु अझ क्रियाशील हुने देखिन्छ।

- अफसम्म आपतकालीन अवस्थाको चित्रण गरी त्यसलाई व्यववस्थापन गर्न पूर्व तयारीको रुपमा कृत्रिम अभ्यास नगरिएको हुदा त्यस प्रकारको कृतिम अभ्यास आवश्यक रहेको छ। यस योजनालाई कृत्रिम अभ्यास गर्नको लागि छुट्टै मार्गदर्शन तयार गरिएको छ।

पहिचान गरिएका प्राथमिक प्रकोपसंग सम्वन्धित आपतकालीन अवस्थामा तालिका नं ५ मा उल्लेख भए बमोजिमको हानी नोक्सानी भार प्रस्ताव गरिएको छ । हानी नोक्सानी भारको लागि निम्नानुसारका विषयलाई आधार मानिएको छ ।

- प्रकोप सिर्जित आपतकालीन अवस्था निम्त्याउन सक्ने अवस्था
- प्रभावित हुन सक्ने भौगोलिक क्षेत्र
- प्रभावित हुनसक्ने जनसंख्या
- प्रकोप संकटासन्नता तथा क्षमता
- विभिन्न राष्ट्रिय तथा अन्तराष्ट्रिय अभ्यास

हुन त हानी नोक्सानी भारलाई अझ वैज्ञानिक बनाउन विभिन्न अध्ययन तथा अनुसन्धान गर्न आवश्यक हुन्छ । वेलायतको दुरहाम विश्वविद्यालय तथा नेपालका वैज्ञानिकहरुले भूकम्पको हानी नोक्सानी भार सम्वन्धी अध्ययन गरिसेका छन् र विभिन्न विकल्पहरु प्रस्तुत गरेका छन् । यद्यपि महानगरपालिकामा भएको वा हुन सक्ने क्षति माथि महानगरपालिकाका सरोकारवालाहरुसँग छलफल गरी हानी नोक्सानी भार प्रस्ताव गरिएको हो । यहाँ प्रस्तुत गरिएको हानी नोक्सानी भारलाई पनि आधार मानी महानगरमा पूर्वतयारी तथा प्रतिकार्यसँग सम्वन्धित संरचना तथा क्रियाकलापहरु प्रस्तुत गरिएको छ ।

यस प्रकारको हानी नोक्सानी भारलाई निममित रुपमा अद्यावधिक गर्न सकिने छ । यसका साथै प्राथमिकतामा परेका वाहेकका प्रकोपवाट सिर्जित आपतकालीन अवस्थामा पनि यहाँ प्रस्तुत गरिएको संरचनालाई आधार मानिनेछ र आवश्यकता अनुसार अन्य प्रकोपको नोक्सानी भार पनि उल्लेख गरी आगामी वर्षहरुमा योजना अद्यावधिक गरिनेछ ।



Scanned with CamScanner

| तालिका नं ५:आपतकालीन अवस्था निम्त्याउने प्रमुख प्रकोप सम्बन्धी हानी नोक्सानी भार तथा आपतकालीन अवस्थाको परिदृश्य | | | | |
|---|---|---|---|---|
| हानी नोक्सानी भारका क्षेत्र | आपतकालीन अवस्था निम्त्याउने प्रमुख प्रकोप | | | |
| | भूकम्प | बाढी | आगलागी | महामारी |
| आपतकालीन अवस्थाको प्रकृति तथा भूगोल | ८ रेक्टर स्केल वा सो आसपासको चितवन वा आसपासका क्षेत्रमा केन्द्रविन्दु हुने | नारायणी तथा राप्ती तटीय क्षेत्रमा असर गर्न सक्ने | घना शहरी क्षेत्रमा वा जोखिमयुक्त भवन भएको क्षेत्रमा हुन सक्ने | सबै क्षेत्र वा महानगरपालिकाको एक क्षेत्रमा असर गर्न सक्ने |
| घटनाको समय | रातको समय | रातको समयमा शुरु | रातको समय | जुनैपनि समयमा |
| मृत्यु हुन सक्ने जनसंख्या | ५६०० | ५० | २० | ६० |
| घाइते हुन सक्ने जनसंख्या | २८००० | २५० | ५० | ० |
| पूर्ण रुपमा क्षति हुने नीजि घरको संख्या | ७००० | ७० | २० | ० |
| आंशिक रुपमा क्षति हुने नीजि घरको संख्या | १४००० | १४० | ५० | ० |
| क्षतिग्रस्त सार्वजनिक भवनहरु | २०० | २० | ५ | ० |
| अस्थायी रुपमा शिविरमा राख्नपर्ने जनसंख्या | ८४,००० | १००० | ५०० | ० |
| स्वास्थ्य सेवा आवश्यक पर्ने जनसंख्या | ५६००० | ५६० | १२० | ४००० |
| संरक्षण सम्बन्धी सेवा आवश्यक पर्ने जनसंख्या | २८००० | २८० | २५० | २००० |
| खानेपानी आपूर्तिवाट | २८००० | ६००० | ५०० | १०० |

| | | | | |
|---|---|---|---|---|
| प्रभावित हुन सक्ने जनसंख्या | | | | |
| शिक्षावाट प्रभावित हुन सक्ने विद्यार्थी संख्या | ८४००० | २४०० | १०० | ३०००० |
| सार्वजनिक संचारमा असर | महानगरपालिका भरी संचार नेटवर्क क्रियाशिल नरहने | स्थानीय क्षेत्रमा संचार नेटवर्क क्रियाशिल नरहने | स्थानीय क्षेत्रमा संचार नेटवर्क क्रियाशिल नरहने | आपूर्ति वन्द भएमा सुचारु गर्न समय लाग्ने |
| विद्युत आपूर्तिमा असर | महानगरपालिका भरी संचार नेटवर्क क्रियाशील नरहने | स्थानीय क्षेत्रमा संचार नेटवर्क क्रियाशिल नरहने | स्थानीय क्षेत्रमा संचार नेटवर्क क्रियाशिल नरहने | आपूर्ति वन्द भएमा सुचारु गर्न समय लाग्ने |
| यातायातमा परेको असर | महानगरपालिकामा रहेका केही पुलहरु प्रयोग गर्न नमिल्ने | स्थानीय क्षेत्रमा रहेका केहीपुलहरु प्रयोग गर्न नमिल्ने | असर नपर्ने | अयातायातका साधन संचालनमा रोकावट हुने |

चारवटा प्रकोपहरुमा आधारित हानी नोक्सानी भार तयार भएपनि पूर्वतयारीको लागि शहरी क्षेत्र विशेष जोखिम तथा समस्याहरुलाई पनि आधार मानिएको छ । विशेष गरी शहरी क्षेत्रमा संकटासन्न समुदाय जतासुकै छरिएको हुने, अस्थायी वसोवास सहितको घना शहरी क्षेत्रमा आउने वाढी अथवा भूकम्पले ग्रामिण क्षेत्रमा भन्दा धेरै जनसंख्यालाई असर गर्ने, जलनिकासका माध्यम पर्याप्त र विकसित नभएको हुँदा यसवाट जनजीवनमा असर गर्ने, जोखिम सम्वेदनशील भूउपयोग योजना नबनाई शहरी क्षेत्रको विकासले खोज तथा उद्धार कार्य चूनौतिपूर्ण हुने, भवनहरु मापदण्ड विपरित निर्माण भएमा त्यसवाट वढ्ने जोखिम र प्रतिकार्यमा जीवन सुरक्षामा सहयोग गर्ने सेवाहरु जस्तै अस्पतालको पूर्वतयारी, खानेपानी आपूर्ति गर्ने संरचनालाई विपद्‌मैत्री वनाउनुपर्ने, आपतकालीनअवस्थामा सुरक्षित वहिर्गमन मार्गहरुको पहिचान गर्नुपर्ने जस्ता विषयलाई पनि योजनाले समेटेकोछ ।

## ४. आपतकालीन पूर्वतयारी तथा प्रतिकार्य योजना

### ४.१ आपतकालीन व्यवस्थापन सांगठनात्मक संरचना


आपतकालीन व्यवस्थापन सम्वन्धी सम्पूर्ण कार्यहरु गर्नको निम्ति आवश्यक संरचना प्रस्ताव गर्दा विद्यमान संरचनाहरु (महानगर स्तरीय विपद् व्यवस्थापन समिति, वडा स्तरीय विपद् व्यवस्थापन समिति, जिल्ला समन्वय समिति, जिल्ला विपद् व्यवस्थापन समिति, जिल्ला आपतकालीन कार्यसंचालन केन्द्र), महानगरका



Scanned with CamScanner

विषयगत महाशाखा, महानगर स्तरीय आपतकालीन कार्यसंचालन केन्द्रको कार्यविधि, जिल्लामा रहेका संघ संस्था, नीजि क्षेत्र, स्थानीय स्तरमा रहेका समूह, क्लब, टोल विकास संस्था, आदिको भूमिकालाई आत्मसाथ गरिएको छ र पूर्ण रुपमा नयाँ संरचना भन्दा पनि विद्यमान संरचना तथा विगतका अभ्यासमा आधारित रहेको छ । यी विविध पक्षहरुलाई आत्मसाथ गरी भरतपुर महानगरपालिकाका सरोकारवालाहरुसंग गहन छलफल गरी र महानगरको आपतकालीन कार्यसंचालन केन्द्रको संरचना समेतलाई आधार मानी समग्र सांगठनात्मक संरचना चित्र न ४ मा प्रस्ताव गरिएको छ ।

**चित्र नं ४: आपतकालीन पूर्वतयारी तथा प्रतिकार्य सम्बन्धी सांगठनात्मक संरचना**



## महानगर स्तरमा समग्र रणनीतिक मार्गदर्शन प्रदान गर्ने समिति

महानगरपालिकामा प्रमुखको अध्यक्षतामा गठन गरिएको स्थानीय विपद् व्यवस्थापन समितिले यस योजनामाथि समग्र रणनीतिक मार्गदर्शन प्रदान गर्नेछ । समितिको अध्यक्ष वा प्रमुखको प्रमुख भूमिका आपतकालीन संयोजक सरह रहनेछ । यस समितिले आपतकालीन अवस्थामा जिल्ला विपद् व्यवस्थापन समिति तथा जिल्ला समन्वय समितिसँग समेत समन्वय गर्नेछ ।

## वडा स्तरमा समग्र रणनीतिक मार्गदर्शन प्रदान गर्ने समिति

वडा स्तरमा योजना तथा योजनाको कार्यान्वयन माथि समग्र रणनीतिक मार्गदर्शन वडास्तरीय विपद् व्यवस्थापन समितको अध्यक्ष मार्फत हुनेछ । वडास्तरमा रहेका टोल विकास संस्था, संकटासन्न समुदाय, आमा समुह, अन्य समुह तथा क्लबहरुलाई उनीहरुको क्षमता अभिवृद्धि गर्न समन्वय गर्ने र आपतकालीन अवस्था पूर्व र आपतकालीन अवस्था र त्यस पश्चात्को समयमा योजना कार्यान्वयनमा परिचालन गर्ने र महानगरस्तरीय विपद् व्यवस्थापन समितिसँग समन्वय गर्ने कार्य वडास्तरीय विपद् व्यवस्थापन समिति मार्फत हुनेछ । समितिको अध्यक्ष वा वडाअध्यक्षको प्रमुख भूमिका आपतकालीन समयमा स्थानीय आपतकालीन संयोजक सरह रहनेछ ।

## योजना कार्यान्वयनमा जिम्मेवार शाखा

यस योजना कार्यान्वयनको समन्वयकारी तथा नेतृत्वदायी भूमिका महानगरपालिकाको विपद् शाखा समेत रहेको छ । यस शाखा र त्यसै अन्तरगत रहेको महानगरपालिकास्तरीय आपतकालीन कार्यसंचालन केन्द्रबाट नियमित रुपमा यस योजना कार्यान्वयनको समग्र सहजीकरण हुनेछ । आपतकालीन अवस्थामा यस शाखा तथा शाखा अन्तरगतको केन्द्रले आपतकालीन समयमा सूचना, संचार तथा समन्वय केन्द्रको रुपमाकार्य गर्नेछ । यी भूमिकाहरु यस योजना तथा आपतकालीन कार्यसंचालन केन्द्रको कार्यविधिमा तोकिएका छन् । केन्द्रको कार्यविधि यस योजनाको अनुसूचीको रुपमा रहेको छ ।

## पूर्वतयारी तथा प्रतिकार्यको लागि विषयगत क्षेत्र

भरतपुर महानगरपालिकाको विद्यमान सांगठनिक संरचना तथा राष्ट्रिय विपद् प्रतिकार्य कार्यढाँचाले आपतकालीन पूर्वतयारी तथा प्रतिकार्यको लागि सुझाव गरेका विषयगत क्षेत्रलाई आधार मानी निम्नानुसारका विषयगत क्षेत्र प्रस्ताव गरिएका छन् । यी विषयगत क्षेत्र सम्वन्धित क्षेत्रमा कार्यदलको रुपमा रहनेछन् । नेपालको परिप्रक्ष्यमा विषयगत क्षेत्रको संयोजक विषयगत सरोकार राख्ने सरकारी निकाय र सहसंयोजक विषयगत सरोकार राख्ने राष्ट्र संघीय निकाय र अन्य विशेष सराकारी निकाय रहने अभ्यास रहेको छ । यद्यपि यस महानगरपालिकाको हकमा संयोजक विषयगत महाशाखा वा शाखालाई तोकिएको छ । विषयगत क्षेत्रको महाशाखाले पूर्वतयारी अवस्थामा महानगरपालिका अर्को कुनै महाशाखा वा शाखा वा अन्य संघ संस्थालाई सहसंयोजकको रुपमा जिम्मेवारी दिइनेछ । आपतकालीन अवस्थामा राष्ट्र संघीय निकायको उपस्थिति भएपछि सो जिम्मेवारी ती निकायलाई दिइनेछ । सबै महाशाखाले विषयगत क्षेत्रको सचिवालयको रुपमा कार्य गर्नेछन् ।



Scanned with CamScanner

यी विषयगत क्षेत्र, तिनको संयोजक तथा सदस्यहरु तालिका नं ६ अनुसार रहने छन् ।

| तालिका नं ६: आपतकालीन पूर्वतयारी तथा प्रतिकार्यसँग सम्बन्धित विषयगत क्षेत्रहरु | | |
|---|---|---|
| विषयगत क्षेत्र | संयोजक (महानगरपालिकाबाट) | सदस्यहरु |
| शिक्षा | शैक्षिक प्रशासन महाशाखा प्रमुख | प्रारम्भिक बाल विकास तथा आधारभूत शिक्षा शाखा प्रमुख<br>माध्यामिक शिक्षा शाखा प्रमुख<br>शिक्षा क्षेत्रमा कार्यरत गैर सरकारी संस्थाका प्रतिनिधिहरु<br>आपतकालीन समयमा सह संयोजक: युनिसेफ |
| स्वास्थ्य तथा पोषण | स्वास्थ्य तथा सामाजिक विकास महाशाखा प्रमुख | जनस्वास्थ्य प्रवर्द्धन शाखा प्रमुख<br>महिला, बालबालिका तथा समाज कल्याण शाखा प्रमुख<br>नेपाल रेडक्रस सोसाइटीका प्रतिनिधि<br>सरकारी तथा नीजि अस्पताल व्यवस्थापन समितिका प्रतिनिधि<br>क्षेत्रमा कार्यरत गैर सरकारी संस्थाका प्रतिनिधिहरु<br>संचार माध्ययमका प्रतिनिधि<br>आपतकालीन समयमा सह संयोजक:<br>• स्वास्थ्य: विश्व स्वास्थ्य संगठन<br>• पोषण: युनिसेफ |
| आश्रयस्थल, खाद्य तथा गैर खाद्य | पूर्वाधार विकास महाशाखा प्रमुख, आन्तरिक व्यवस्थापन तथा खरिद शाखा प्रमुख | भूउपयोग तथा बस्ती विकास शाखा प्रमुख<br>कृषि तथा पशुपंक्षी व्यवसाय शाखा प्रमुख<br>उद्योग तथा व्यवसाय प्रवर्द्धन शाखाप्रमुख<br>उद्योग वाणिज्य संघ, वाणिज्य संघ तथा उद्योग परिसंघ<br>नेपाल रेडक्रस सोसाइटीका प्रतिनिधि<br>क्षेत्रमाकार्यरत गैर सरकारी संस्थाका प्रतिनिधिहरु<br>संचार माध्ययमका प्रतिनिधि<br>आपतकालीन समयमा सह संयोजक:<br>• आश्रयस्थाल तथा गैर खाद्य: यूएनह्याबिट्याट तथा इन्टरनेशनल फेडेरेशन अफ रेड क्रस एन्ड रेड क्रेसेन्ट सोसाइटीज्<br>• खाद्य सुरक्षा: विश्व खाद्य कार्यक्रम, खाद्य तथा कृषि संगठन |
| खानेपानी तथा सरसफाई | वातावरण तथा सरसफाइ शाखा प्रमुख | पूर्वाधार विकास शाखा प्रमुख<br>सरसफाई व्यवस्थापन शाखा प्रमुख<br>नेपाल रेडक्रस सोसाइटीका प्रतिनिधि<br>क्षेत्रमा कार्यरत गैर सरकारी संस्थाका प्रतिनिधिहरु<br>संचार माध्ययमका प्रतिनिधि |

| | | |
|---|---|---|
| | | आपतकालीन समयमा सह संयोजक: युनिसेफ |
| संरक्षण | महिला, वालवालिका तथा समाज कल्याण शाखा प्रमुख | सामाजिक सुरक्षा तथा पंजिकरण शाखा प्रमुख<br>नेपाल प्रहरीका प्रतिनिधि<br>संरक्षणमा कार्यरत गैर सरकारी संस्थाका प्रतिनिधिहरु<br>नेपाल रेडक्रस सोसाइटीका प्रतिनिधि<br>संचार माध्ययमका प्रतिनिधि<br>आपतकालीन समयमा सह संयोजक:<br>• शरणार्थी सम्वन्धी राष्ट्र संघीय उच्च आयोग<br>• युनिसेफ<br>• जनसंख्या सम्वन्धी राष्ट्र संघीय कोष -यूएनएफपीए)<br>• राष्टिय मानव अधिकार आयोग |
| वन्दोवस्ती | प्रशासन तथा जनशक्ति विकास शाखाप्रमुख | आन्तरिक व्यवस्थापन तथा खरिद शाखा प्रमुख<br>दुर संचार प्राधिकरणका प्रतिनिधि<br>नगर प्रहरी व्यवस्थापन शाखा प्रमुख<br>सुरक्षा निकायका प्रतिनिधि<br>उद्योग वाणिज्य संघ, वाणिज्य संघ तथा उद्योग परिसंघ |
| खोज तथा उद्धार | नगर प्रहरी शाखा प्रमुख | नगर प्रहरी शाखा प्रमुख<br>सुरक्षा निकायका प्रतिनिधि<br>नेपाल रेडक्रस सोसाइटीका प्रतिनिधि<br>नगर वारुण यन्त्र शाखाका प्रतिनिधि<br>सरकारी तथा नीजि अस्पताल व्यवस्थापन समितिका प्रतिनिधि |

खोज तथा उद्दारको लागि आपतकालीन अवस्थाको प्रकृति तथा क्षतिलाई आधार मानी नेपाल सरकार तथा गृहमन्त्रालयले अन्तरराष्ट्रिय सहयोग (International Search and Rescue Advisory Group) को परिचालन गर्न सक्ने हुँदा महानगरपालिकाले यस प्रकारको सहयोग आवश्यक परेमा जिल्ला विपद व्यवस्थापन समिति, यसका अध्यक्ष प्रमुख जिल्ला अधिकारीको समन्वयमा महानगरपालिकाको मेयरमार्फत गृह मन्त्रालय समक्ष जानाकारी गराइनेछ ।

**४.२ आपतकालीन पूर्वतयारी तथा प्रतिकार्य कार्यसंचालन विधि**

पूर्वतयारी तथा प्रतिकार्यका लागि सर्वमान्य वा प्रचलित कार्यसंचालन विधि तलको तालिका नं ७ मा प्रस्तुत गरिएको छ ।

तालिका नं ७: पूर्वतयारी तथा प्रतिकार्यका लागि कार्यसंचालन विधि

| संरचना अनुसारका सरोकारवालाहरु | समय | मुख्य कार्य | मुख्य जिम्मेवारी |
|---|---|---|---|
| महानगरपालिका स्तरीय विपद् व्यवस्थापन समिति | पूर्वतयारी<br>निरन्तर रुपमा | विपद् जोखिम न्यूनीकरण एवं आपतकालीन व्यवस्थापनको लागि आवश्यक कानूनी तथा नीतिगत व्यवस्था गर्ने | प्रमुख<br>महानगरपालिका स्तरीय विपद् व्यवस्थापन समिति |
| | | यस आपतकालीन व्यवस्थापन योजनाको कार्यान्वयनको लागि समग्र निर्देशन तथा मार्गदर्शन प्रदान गर्ने | |
| | | यस योजनामा प्रस्ताव गरिएका क्रियाकलापहरु सम्पन्न गर्न क्रमिक रुपमा श्रोत व्यवस्थापन गर्ने | |
| | | सामाजिक सुरक्षा प्राप्त गर्ने जोखिममा रहेका व्यक्तिहरुलाई विपद्पूर्व नै सामाजिक सुरक्षा वापतको रकम उपलब्ध गराउन प्रयास गर्ने | |
| | प्रतिकार्य<br>० देखि १२ घण्टा | महानगरपालिक स्तरीय विपद् व्यवस्थापन समितिको बैठकको आव्हान गर्ने र बैठक संचालन गर्ने | प्रमुख तथा अध्यक्ष, महानगरपालिका स्तरीय विपद् व्यवस्थापन समिति |
| | | सुरक्षा निकाय, रेडक्रस तथा संचार माध्यम एवं वडास्तरीय विपद् व्यवस्थापन समितिको | |



Scanned with CamScanner

| | | |
|---|---|---|
| | प्रारम्भिक सूचनाको आधारमा क्षतिको समग्र विवरण लिने<br><br>स्थानीय स्तरमा राहत तथा प्रतिकार्य गर्न श्रोतको कमी भएमा, आपतकालीन व्यवस्थापनमा वाह्य सहयोग आवश्यक महसुश भएमा आपतकालीन अवस्था घोषणा गर्ने सम्वन्धित निर्णय गर्ने | |
| ० देखि १२ घण्टा | जिल्ला विपद् व्यवस्थापन समितिको अध्यक्ष र जिल्ला समन्वय समितिको प्रमुखलाई आपतकालीन अवस्था घोषणा गर्ने सम्वन्धी जानाकारी गराउने | मेयर तथा अध्यक्ष, महानगरपालिका स्तरीय विपद् व्यवस्थापन समिति |
| ० देखि १२ घण्टा | आपतकालीन अवस्थाको घोषणा गर्ने र आपतकालीन कार्यसंचालन केन्द्रलाई क्रियाशील गराउने | प्रमुख तथा अध्यक्ष, महानगरपालिका स्तरीय विपद् व्यवस्थापन समिति |
| ० देखि १२ घण्टा | खोज तथा उद्धारको लागि खोज तथा उद्धार विषयगत क्षेत्र वा कार्यटोलीलाई तत्काल निर्देशन दिने<br><br>खोज तथा उद्धार कार्य गर्ने<br>खोज तथा उद्धार कार्यमा जोखिममा रहन सक्ने संकटासन्न समुहको पहिल्यै तयार गरिएको विवरण अनुसार ज्येष्ठ नागरिक, महिला, वालवालिका तथा अपांगता भएका व्यक्ति जस्ताको समुहलाई प्राथमिकता दिने | प्रमुख तथा अध्यक्ष, महानगरपालिका स्तरीय विपद् व्यवस्थापन समिति |
| ० देखि २४ घण्टा | प्रतिकार्यको लागि वन्दोवस्ती हेर्ने विषयगत क्षेत्रलाई आवश्यक जनशक्ति तथा वन्दोवस्ती व्यवस्थापनको लागि स्पष्ट निर्णय दिने<br>नेपाल रेडक्रस सोसाइटीको सहयोगमा तालिम प्राप्त | प्रमुख तथा अध्यक्ष, महानगरपालिका स्तरीय विपद् व्यवस्थापन समिति |



Scanned with CamScanner

| | | |
|---|---|---|
| | जनशक्तिको परिचालन गरी प्रारम्भिक क्षति विश्लेषण गर्न आपतकालीन कार्यसंचालन केन्द्रलाई निर्देशन दिने | |
| ० देखि ७२ घण्टा र निरन्तर रुपमा | राहत वितरणको लागि समन्वयमा एकद्धार प्रणाली अपनाउन मानवीय सहयोगको क्षेत्रमा सहभागी हुन आउने संघ संस्थाहरुलाई निर्देशन दिने | प्रमुख तथा अध्यक्ष, महानगरपालिका स्तरीय विपद् व्यवस्थापन समिति |
| | कुन संस्था, कहाँ, के सहयोग भएको छ र कहिले भन्ने विवरण राखी म्याट्रिक्स वनाउन निर्देशन दिने | प्रमुख तथा अध्यक्ष, महानगरपालिका स्तरीय विपद् व्यवस्थापन समिति |
| १२ घण्टा देखि ७२ घण्टा | महानगरपालिका स्तरीय विपद् व्यवस्थापन समितिको वैठक कम्तिमा पनि दिनको एकपटक संचालन गर्ने र आवश्यकता अनुसार विषयगत क्षेत्र वा कार्यटोलीका संयोजकलाई बैठकमा सहभागी गराई प्रगति विवरण लिने र विषयगत क्षेत्रको प्रतिकार्य योजनामाथि पृष्ठपोण प्रदान गर्ने | प्रमुख तथा अध्यक्ष, महानगरपालिका स्तरीय विपद् व्यवस्थापन समिति |
| १२ घण्टा देखि नियमित रुपमा | आपतकालीन अवस्थाको वारेमा आपतकालीन कार्यसंचलान केन्द्र तथा विषयगत क्षेत्रसँग सूचना संकलन गरी जिल्ला विपद् व्यवस्थापन समिति, जिल्ला समन्वय समिति, प्रदेश विपद् व्यवस्थापन समिति र केन्द्रिय विपद्र व्यवस्थापन समितिलाई जानाकारी दिने | प्रमुख तथा अध्यक्ष, महानगरपालिका स्तरीय विपद् व्यवस्थापन समिति |
| १२ घण्टा देखि नियमित रुपमा | प्रारम्भमा कम्तिमा पनि दुई दिनको एकपटक र ७२ घण्टापछि कम्तिमा पनि हप्ताको दुइपटक प्रतिकार्य भएका स्थानमा अनुगमन गर्ने र प्रतिकार्यमा देखिएका समस्या, चूनौति, गर्नुपर्ने थप कार्य वारेमा विभिन्न | प्रमुख तथा अध्यक्ष, महानगरपालिका स्तरीय विपद् व्यवस्थापन समिति |

| | | | |
|---|---|---|---|
| | | विषयगत क्षेत्रलाई मार्गदर्शन प्रदान गर्ने | |
| | ० देखि १४ दिनमा | खोज तथा उद्दारको लागि आपतकालीन अवस्थाको प्रकृति तथा क्षतिलाई आधार मानी नेपाल सरकार तथा गृह मन्त्रालयले अन्तराष्ट्रिय सहयोग (International Search and Rescue Advisory Group) को परिचालन गर्न सक्ने हुँदा महानगरपालिकाले यस प्रकारको सहयोग आवश्यक परेमा जिल्ला विपद् व्यवस्थापन समिति, यसका अध्यक्ष प्रमुख जिल्ला अधिकारीको समन्वयमा महानगरपालिकाको मेयरमार्फत गृह मन्त्रालय समक्ष जानाकारी गराइनेछ ।<br><br>मृत्यु भएका वा घाइते भएका वा हुन सक्ने व्यक्ति अब नभेटिने सुनिश्चित भएपछि खोज तथा उद्धार कार्य सम्पन्न भएको निर्णय गर्ने | प्रमुख तथा अध्यक्ष, महानगरपालिका स्तरीय विपद् व्यवस्थापन समिति |
| | प्रतिकार्य समापन पछि | खोज तथा उद्धार भएको, विपद् सम्बन्धी प्रारम्भिक लेखाजोखा भएको, प्रथम चरणको राहत वितरण भएको, विषयगत क्षेत्र अनुसार प्रथम चरणको प्रतिकार्य भएको र जीवन सुरक्षा सम्बन्धी कार्यहरु भएको अवस्थापछि आपतकालीन अवस्थाको अन्त्य गर्दै पूनर्लाभ कार्यलाई शुरुवात गर्ने सन्देशका साथ आपतकालीन अवस्था अन्त्य भएको घोषणा गर्ने | प्रमुख तथा अध्यक्ष, महानगरपालिका स्तरीय विपद् व्यवस्थापन समिति |
| जिल्ला विपद् व्यवस्थापन समिति | पूर्वतयारी | | |
| | निरन्तर रुपमा | आपतकालीन अवस्था ल्याउन सक्ने प्रकोप सम्बन्धी तयारी बैठकहरु संचालिन गर्ने | प्रमुख जिल्ला अधिकारी तथा |



Scanned with CamScanner

| | | |
|---|---|---|
| | आपतकालीन अवस्था व्यवस्थापन गर्न आवश्यक टोली तथा सामाग्रीहरुको पुनरावलोकन गर्ने | अध्यक्ष, जिल्ला विपद् व्यवस्थापन समिति |
| | जिल्ला आपतकालीन कार्यसंचालन केन्द्र र महानगरपालिका आपतकालीन कार्यसंचालन केन्द्रको वीचमा समन्वयको लागि निर्देशन दिने र सो को अनुगमन कार्य गर्ने | |
| प्रतिकार्य | | |
| ० देखि १२ घण्टा | आपतकालीन अवस्था घोषणा गर्न मेयर तथा महानगरपालिका स्तरीय विपद् व्यवस्थापन समितिका अध्यक्षलाई सल्लाह सुझाव दिने | प्रमुख जिल्ला अधिकारी तथा अध्यक्ष, जिल्ला विपद् व्यवस्थापन समिति |
| ० देखि १२ घण्टा | खोज तथा उद्धारको लागि मेयर तथा महानगरपालिका स्तरीय विपद् व्यवस्थापन समितिका अध्यक्षको सल्लाह वमोजिम सुरक्षा निकायलाई निर्देशन दिने | प्रमुख जिल्ला अधिकारी तथा अध्यक्ष, जिल्ला विपद् व्यवस्थापन समिति |
| ० देखि २४ घण्टा | महानगरमा रहेको आपतकालीन कार्यसंचालन केन्द्रसँग जिल्ला आपतकालीन संचालन केन्द्रलाई समन्वय गर्न लगाई आपतकालीन अवस्थाको वारेमा माथिल्लो निकायमा जानाकारी गराउन निर्देशन दिने | प्रमुख जिल्ला अधिकारी तथा अध्यक्ष, जिल्ला विपद् व्यवस्थापन समिति |
| ० घण्टा देखि नियमित रुपमा | राहत उपलब्ध गराउने मनसाय राखी आउने संस्थालाई समन्वयमा एकद्धार प्रणालीको लागि निर्देशन दिने। | प्रमुख जिल्ला अधिकारी तथा अध्यक्ष, जिल्ला विपद् व्यवस्थापन समिति |
| ० घण्टा देखि नियमित रुपमा | विस्थापित रहेको स्थान, प्रभावित समुदाय तथा राहत वितरण स्थलमा आवश्यक सुरक्षा व्यवस्था सुनिश्चित गर्ने | प्रमुख जिल्ला अधिकारी तथा अध्यक्ष, जिल्ला विपद् व्यवस्थापन समिति |

| | | | |
|---|---|---|---|
| | २४ घण्टा देखि निरन्तर रुपमा | आपतकालीन अवस्था तथा प्रतिकार्यका कार्यक्रमहरुको अनुगमन गर्ने र आवश्यक निर्देशन तथा मार्गदर्शन प्रदान गर्ने | प्रमुख जिल्ला अधिकारी तथा अध्यक्ष, जिल्ला विपद् व्यवस्थापन समिति |
| | १५ दिनभित्र | क्षतिभएअनुसार कानूनले तोके वमोजिम महानगरपालिकासंग समन्वय गरी राहत रकम उपलब्ध गराउने | प्रमुख जिल्ला अधिकारी तथा अध्यक्ष, जिल्ला विपद् व्यवस्थापन समिति |
| जिल्ला समन्वय समिति | पूर्वतयारी | | |
| | निरन्तर रुपमा | भरतपुर तथा विपद्बाट प्रभावित अन्य स्थानीय तहसमेतको सहभागितामा आपतकालीन अवस्था ल्याउन सक्ने प्रकोप सम्वन्धी तयारी वैठकहरु संचालन गर्ने<br><br>आपतकालीन अवस्था व्यवस्थापन गर्न आवश्यक सामाग्रीहरुको पुनरावलोकन गर्ने | प्रमुख, जिल्ला समन्वय समिति |
| | प्रतिकार्य | | |
| | ० देखि १२ घण्टा | आपतकालीन अवस्था घोषणा गर्न मेयरलाई सल्लाह सुझाव दिने | प्रमुख, जिल्ला समन्वय समिति |
| | ० घण्टा देखि नियमित रुपमा | क्षति भए अनुसार कानूनले तोके वमोजिम महानगरपालिकासंग समन्वय गरी राहत रकम उपलब्ध गराउने<br><br>आपतकालीन कार्यसंचालन केन्द्रलाई क्षति भएको र राहत प्राप्त गरेको विवरण राख्न लगाई राहत नदोहोरिने विषयको सुनिश्चित गर्ने<br><br>राहत उपलब्ध गराउने मनसाय राखी आउने संस्थालाई जिल्ला विपद् व्यवस्थापन समिति र महानगरपालिका स्तरीय आपतकालीन कार्यसंचालन | प्रमुख, जिल्ला समन्वय समिति |

| | | | |
|---|---|---|---|
| | | केन्द्रसँगको समन्वयमा एकद्वार प्रणालीको लागि निर्देशन दिने । | |
| विपद् व्यवस्थापन शाखा, विपद् शाखा तथा आपतकालीन कार्यसंचालन केन्द्र | पूर्वतयारी<br>निरन्तर रुपमा | विपद् तथा आपतकालीन अवस्था सम्वन्धी सम्पुर्ण अभिलेख तयार गर्ने | वातावरण तथा विपद व्यवस्थापन महाशाखा तथा विपद शाखा प्रमुख |
| | | विभिन्न प्रकोपको वारेमा जनचेतनामुलक कार्यहरु संचालन गर्न विषयगत क्षेत्रसंग समन्वय गर्ने<br>योजना कार्यान्वयन गर्न समग्र नेतृत्वदायी भूमिका प्रदान गर्ने<br><br>योजना कार्यान्वयनको लागि श्रोतको विनियोजन भएको र परिचालन भएको सुनिश्चित गर्ने<br><br>विषयगत क्षेत्रमा सहभागी गराउने निकाय तथा संस्थाको सूची तयार गर्ने र आवश्यक पूर्वतयारी वैठक संचालन गर्ने<br>विपद् व्यवस्थापन क्षेत्रमा क्षमता अभिवृद्धि गर्न प्रशिक्षणका लागि जिल्ला विपद् व्यवस्थापन समिति, प्रादेशिक आपत्तकालिन कार्यसञ्चालन केन्द्र, राष्ट्रिय विपद् जोखिम न्युनीकरण तथा व्यवस्थापन प्राधिकरण, राष्ट्रिय आपतकालीन कार्यसञ्चालन केन्द्र र सरोकारवाला निकायसँग समन्वय गर्ने ।<br><br>जिल्ला विपद् व्यवस्थापन समिति, प्रदेश, संघ, विपद् पूर्वतयारीमा भइरहेका कार्यमा आवश्यक सल्लाह र आवश्यकता अनुसार सूचनाहरू उपलब्ध गराउने । | आपतकालीन कार्यसंचालन केन्द्रका कर्मचारी |

| | | |
|---|---|---|
| | सम्भावित विपद्सम्बन्धी प्राप्त सूचनाको विश्लेषण गरी वडास्तरीय विपद् व्यवस्थापन समिति, टोल विकास संस्था र स्थानीय समुदायलाई जानकारी गराउने | |
| | आपतकालीन व्यवस्थापनसँग सम्बन्धित क्षमता अभिवृद्धिका कार्यहरु संचालन गर्ने | |
| | प्रत्येक घटनाको प्रतिवेदन जिल्ला आपत्तकालिन कार्यसञ्चालन केन्द्र, प्रादेशिक आपत्तकालिन कार्यसञ्चालन केन्द्र र राष्ट्रिय आपतकालीन कार्यसञ्चालन केन्द्रमा नियमित पठाउने र अन्य विकास साझेदार र सयुक्त राष्ट्र संघीय निकायहरूमा पनि उपलब्ध गराउने । | |
| | **आपतकालीन कार्यसंचालन केन्द्रका अन्य कार्यहरु आपतकालीन कार्यसंचालन कार्यविधि अनुसार हुने** | |
| प्रतिकार्य | | |
| ० देखि १२ घण्टासम्म | आपतकालीन कार्य सञ्चालन केन्द्रलाई पूर्णकालीन रूपमा सक्रिय बनाउने । | वातावरण तथाविपद् महाशाखाप्रमुख |
| ० देखि २४घण्टासम्म | प्रारम्भिक द्रुत लेखाजोखा कार्य संचालन गर्न समन्वय गर्ने र तालिम प्राप्त व्यक्तिहरुलाई लेखाजोखाको लागि परिचालन गर्ने | विपद् शाखाप्रमुख |
| ० देखि ३६ घण्टासम्म र निरन्तर रुपमा | प्रारम्भिक द्रुत लेखाजोखाबाट प्राप्त सूचनालाई महानगरस्तरीय विपद् व्यवस्थापन समिति, जिल्ला | विपद् शाखाप्रमुख |

| | | | |
|---|---|---|---|
| | | विपद व्यवस्थापन समिति, जिल्ला आपतकालीन कार्यसंचालन केन्द्र, जिल्ला समन्वय समिति, प्रादेशिक तथा केन्द्रिय आपतकालीन कार्यसंचालन केन्द्र तथा विषयगत क्षेत्र तथा संचार माध्यम तथा अन्य सरोकारवालाहरुलाई जानकारी गराउने | |
| | ० देखि ३६ घण्टासम्म र निरन्तर रुपमा | विभिन्न संघ संस्था तथा महानगरपालिकाको श्रोत परिचालन गरी अत्यन्त जोखिममा रहेकाहरुलाई राहत वितरण गर्ने | विपद् शाखा प्रमुख |
| | ४८ घण्टापछि | आपतकालीन अवस्थामा राहत, उद्धार आवश्यकता अनुसार विस्तृत लेखाजोखाको लागि लेखाजोखा गर्ने तालिम प्राप्त समुह परिचालन गर्ने | विपद् शाखा प्रमुख |
| | दैनिक रुपमा | अवस्था विश्लेषण तथा प्रतिकार्यको प्रगति तथा चूनौति समावेश गरी प्रतिवेदन तयार गरी संप्रेषण गर्ने | आपतकालीन कार्यसंचालन केन्द्रका कर्मचारी |
| | | **आपतकालीन कार्यसंचालन केन्द्रका अन्य कार्यहरु आपतकालीन कार्यसंचालन कार्यविधि अनुसार हुने** | |
| **विषयगत क्षेत्र** | पूर्वतयारी | | |
| | | विषयगत क्षेत्रसँग सम्बन्धित पूर्वतयारी तथा क्षमता विकासका कार्यहरु संचालन गर्ने | विषयगतक्षेत्रको मुख्यजिम्मेवारी भएका महाशाखा तथा शाखा प्रमुखहरु |
| | | विषयगत क्षेत्रमा समुदायका संस्थाहरु जस्तो टोल विकास संस्था, समुह तथा क्लबलाई परिचालन गर्ने | विषयगत क्षेत्रमा कार्यरत संघ संस्थाहरु |

| | | |
|---|---|---|
| | वातावरण तथा विपद् व्यवस्थापन महाशाखासँग पूर्वतयारी सम्वन्धी समन्वय गर्ने | |
| | विषयगत क्षेत्रको मासिक बैठक संचालन गर्ने | |
| | विषयगत क्षेत्रमा कार्यरत संस्थाको विवरण तयार गर्ने र यसलाई निरन्तर अद्यावधिक गर्ने | |
| | विषयगत क्षेत्रको आकस्मिक योजना तयार गर्ने, विषयगत क्षेत्रमा राहत सामाग्रीको सूची तयार गर्ने र विषयगत क्षेत्रको क्षमता संकलन गर्ने | |
| | जीवन सुरक्षाको लागि अति महत्वपूर्ण अस्पताल तथा अन्य स्वास्थ्य सेवा प्रदान गर्ने निकायको आपतकालीन पूर्वतयारी योजना तर्जुमा गर्ने | |
| प्रतिकार्य<br>० देखि १२ घण्टासम्म | खोज तथा उद्धार विषयगत क्षेत्र खोज तथा उद्धारको लागि तयार हुने | खोज तथा उद्धार विषयगत क्षेत्र |
| ० देखि २४ घण्टासम्म | विषयगत क्षेत्रको वैठक वस्ने र वियषयत क्षेत्रको प्रतिकार्यको लागि योजना वनाउने, यस पछि निरन्तर रुपमा विषयगत क्षेत्रको वैठक संचालन गर्ने | सवै विषयगत क्षेत्र |
| ० घण्टा देखि निरन्तर | खोज तथा उद्धार कार्यबाट मानवीय क्षति कम गर्न सक्ने अवस्थासम्म खोज तथा उद्धार कार्य संचालन गर्ने | खोज तथा उद्धार विषयगत क्षेत्र |
| ० घण्टा देखि निरन्तर | घाइतेहरुलाई प्राथमिक स्वास्थ्य उपचार प्रदान गर्ने | स्वास्थ्य तथा पोषण विषयगत क्षेत्र |
| ० घण्टा देखि निरन्तर | दीर्घकालीन स्वास्थ्य सम्बन्धी सेवा आवश्यक पर्ने व्यक्तिको | स्वास्थ्य तथा पोषण विषयगत क्षेत्र |

| | | |
|---|---|---|
| | पहिचान गरी अस्पतालहरु तथा विशिष्ठ सेवा प्रदान गर्ने निकायमा रिफर गर्ने | |
| ० घण्टा देखि निरन्तर | उद्धार गरिएका व्यक्ति, धनसम्पत्ति, पशुधनको सूची तयार गरी तत् सम्बन्धी जानाकारी आपतकालीन कार्यसंचालन केन्द्रलाई उपलब्ध गराउने | खोज तथा उद्धार विषयगत क्षेत्र |
| १२ घण्टा देखि निरन्तर | राहत वितरणको लागि आवश्यक बन्दोवस्तीको व्यवस्था गर्ने | बन्दोवस्ती विषयगत क्षेत्र |
| १२ घण्टा देखि निरन्तर | विषयगत क्षेत्रमा आधारित राहत वितरण कार्य गर्ने | सबै विषयगत क्षेत्र तथा आपतकालीन कार्यसंचालन केन्द्र |
| १२ घण्टा देखि निरन्तर | आपतकालीन अवस्थामा अत्यन्त जोखिममा पर्न सक्ने महिला, वालवालिका, अपांगता भएका व्यक्ति, एकल महिला, ज्येष्ठ नागरिक, दलित, विरामी, आदिको संरक्षणको योजना बनाई निरन्तर संरक्षण सेवा प्रदान गर्ने | संरक्षण हेर्ने विषयगत क्षेत्र |
| ४८ घण्टा देखि निरन्तर | मनोसामाजिक रुपमा प्रभावित परिवार तथा व्यक्तिको छनौट गरी सो सम्बन्धी परामर्श दिन तालिमप्राप्त व्यक्तिहरुको परिचालन गर्ने | संरक्षण हेर्ने विषयगत क्षेत्र |
| ४८ घण्टा देखि निरन्तर | आपतकालीन अवस्थामा पनि वालवालिकाको सिकाई कार्यलाई निरन्तरता दिन अस्थायी सिकाई केन्द्र संचालन गर्ने | शिक्षा हेर्ने विषयगत क्षेत्र |
| ४८ घण्टा देखि निरन्तर | खानेपानीको आपूर्ति बन्द भएको अवस्थामा सूचारु गर्ने | खानेपानी तथा सरसफाई हेर्ने विषयगत क्षेत्र |
| ४८ घण्टा देखि निरन्तर | आपतकालीन अवस्थामा आउन सक्ने महामारी तथा रोग नियन्त्रणको लागि जनचेतनामूलक कार्यक्रम संचालन गर्ने | खानेपानी तथा सरसफाई हेर्ने विषयगत क्षेत्र |

| | | | |
|---|---|---|---|
| | १५ दिनपछि | आपतकालीन अवस्थामा शिक्षा प्रदान गर्न शिक्षकशिक्षिकालाई तालिम प्रदान गर्ने | शिक्षा हेर्ने विषयगत क्षेत्र |
| **संचार माध्यम** | पूर्वतयारी | | |
| | निरन्तर | आपतकालीन अवस्थामा जीउधनको सुरक्षा गर्ने सम्वन्धी सन्देशहरु संप्रेषण गर्ने<br><br>आपतकालीन पूर्वतयारी सम्वन्धी भएका राम्रा अभ्यासहरु सम्प्रेषण गर्ने | संचार माध्यम |
| | प्रतिकार्य | | |
| | ० देखि १२ घण्टासम्म | विपद् सम्वन्धी प्राप्त भएको क्षति सम्वन्धी जानाकारी सम्प्रेषण गर्ने | संचार माध्यम |
| | २४ घण्टा देखि निरन्तर | आपतकालीन अवस्थामा प्रवाह गरिने सेवाहरुको जानाकारी गराउने | संचार माध्यम |
| | २४ घण्टा देखि निरन्तर | आपतकालीन व्यवस्थापनमा भएका सकारात्मक तथा सुधार गर्नुपर्ने विषयहरुमाथि आम समुदायलाई जानाकारी गराउने | संचार माध्यम |
| **रेडक्रस, गैर सरकारी संस्था तथा नीजि क्षेत्र** | पूर्वतयारी | संस्थामा रहेको आपतकालीन व्यवस्थापन सम्बन्धी क्षमता विषयगत क्षेत्र तथा वातावरण तथा विपद् महाशाखामा उपलब्ध गराउने<br><br>आपतकालीन पूर्वतयारी तथा प्रतिकार्य सम्बन्धी क्षमता विकास तथा जनचेतनाका कार्यक्रम संचालन गर्ने<br><br>यस योजनालाई कार्यान्वयन गर्ने सम्वन्धमा संस्थाको अल्पकालीन तथा दीर्घकालीन योजना महानगरपालिका विपद् व्यवस्थापन समितिलाई जानाकारी गराउने र सो सम्बन्धी भएका | रेडक्रस, गैर सरकारी संस्था तथा नीजि क्षेत्र |

| | | | |
|---|---|---|---|
| | | कार्यक्रमको बारेमा जानाकारी गराउने | |
| | प्रतिकार्य | | |
| | ० देखि १२ घण्टासम्म | आपतकालीन अवस्थाको बारेमा प्राप्त जानाकारी वातावरण तथा विपद् शाखा एवं आपतकालीन कार्यसंचालन केन्द्रमा जानाकारी गराउने | रेडक्रस, गैर सरकारी संस्था तथा नीजि क्षेत्र |
| | ० देखि २४ घण्टासम्म | प्रतिकार्यको लागि संस्थागत क्षमता वातावरण तथा विपद् शाखा एवं आपतकालीन कार्यसंचालन केन्द्रमा जानाकारी गराउने | रेडक्रस, गैर सरकारी संस्था तथा नीजि क्षेत्र |
| | ० देखि २४ घण्टासम्म | आपतकालीन अवस्थाको लेखाजोखा गर्न तालिमप्राप्त जनशक्तिको बारेमा जानाकारी गराई परिचालन गर्ने | रेडक्रस, गैर सरकारी संस्था तथा नीजि क्षेत्र |
| | ० देखि ३६ घण्टासम्म र निरन्तर रुपमा | विषयगत क्षेत्रसँग तथा आपतकालीन कार्यसंचालन केन्द्रसँग समन्वय गरी समन्वयात्मक तवरबाट राहत वितरणमा क्रियाशील रहने | रेडक्रस, गैर सरकारी संस्था तथा नीजि क्षेत्र |
| **टोलविकास संस्था तथा अन्य सामुदायिक संस्थाहरु** | पूर्वतयारी<br>निरन्तर रुपमा | वडास्तरीय विपद् व्यवस्थापनसँग समन्वय गरी समुदायस्तरीय प्रतिकार्यको लागि क्षमता विकासका कार्यक्रममा सहभागी हुने ।<br><br>साना प्रकारको आगलागी नियन्त्रण, प्रारम्भिक खोज तथा उद्धार, प्रारम्भिक द्रुत लेखाजोखा जस्ता विषयमा महानगरपालिका, वातावरण तथा विपद् महाशाखा, आपतकालीन कार्यसंचालन केन्द्र एवं अन्य विषयगत क्षेत्रका संस्थाहरुले प्रदान गर्ने सीप विकास सम्वन्धी तालिमहरु लिने | संस्था तथा अन्य सामुदायिक संस्थाहरु |



Scanned with CamScanner

| | | |
|---|---|---|
| | समुदायस्तरीय आपतकालीन पूर्वतयारी तथा प्रतिकार्यको लागि जनचेतना कार्यक्रम संचालन गर्ने | |
| | अत्यन्त जोखिममा रहेका घर परिवारको लगत अग्रिम रुपमा राख्ने | |
| | युवा क्लव तथा स्वंमसेवकहरुले लेखाजोखा गरी आवश्यकता पहिचान गर्ने तथा राहत वितरणमा वन्दोवस्ती मिलाउने | |
| **प्रतिकार्य**<br>आपतकालीन अवस्थामा आपतकालीन कार्यसंचालन केन्द्र तथा विषयगत क्षेत्रले तोकेको समयमा | साना प्रकारका विपदलाई स्थानीय श्रोत परिचालन गरी घटनाको असर न्यून गर्न परिचालित हुने | संस्था तथा अन्य सामुदायिक संस्थाहरु |
| | प्रारम्भिक खोज तथा उद्धार कार्यमा खटिने | |
| | प्रारम्भिक द्रुत लेखाजोखामा सहभागी हुने | |
| | आपतकालीन अवस्थामा के गर्न हुने, के नहुने भन्ने सम्वन्धी समुदायलाई जानाकारी दिने | |
| | आमा समुह तथा महिला स्वास्थ्य स्वयंसेवकहरुले विशिष्ट प्रकारको आवश्यकता पहिचान गरी विभिन्न उपसमितिहरुलाई जानाकारी गराउने | |
| | टोलमा वास्तविक क्षतिको आधारमा राहत प्राप्त गर्न योग्य परिवारको विवरण संकलन गर्ने र वडास्तरीय विपद् व्यवस्थापन समिति मार्फत् आपतकालीन | |

| | |
|---|---|
| | कार्यसंचालन केन्द्रलाई उपलब्ध गराउने |
| | राहत वितरणमा स्वयंसेवकको भूमिका निर्वाह गर्ने |

## ४.३ स्थानीय स्तरमा प्राथमिक प्रकोपसँग सम्बन्धित आपतकालीन पूर्वतयारीको लागि गर्नुपर्ने क्रियाकलापहरु

आपतकालीन पूर्वतयारीको लागि प्रकोपसंग सम्वन्धित तथा समग्र प्रकारका पूर्वतयारीका क्रियाकलापहरु तालिका नं ८ मा प्रस्ताव गरिएका छन् ।

**तालिका नं ८: आपतकालीन पूर्वतयारीको लागि प्रकोपसँग सम्बन्धित तथा समग्र प्रकारका पूर्वतयारीका क्रियाकलापहरु**

| प्रकोप | क्रियाकलाप |
|---|---|
| भूकम्प | जोखिम संवेदनशील भूउपयोग योजना तर्जुमा गर्ने |
| | जोखिमयुक्त स्थानहरुमा भवन निर्माण कार्यलाई स्वीकृति नदिने |
| | भवन निर्माण मापदण्डलाई समय सापेक्ष वनाई कडाइकासाथ पालना गर्ने |
| | अस्पताल क्षेत्रहरुमा आपतकालीन स्वास्थ्य पूर्वतयारी भएको सुनिश्चित गर्ने |
| | वलियो भवन निर्माण सम्वन्धी मिस्त्री तथा कामदारहरुलाई तालिम प्रदान गर्ने |
| | कमजोर घर, विद्यालय तथा अन्य सार्वजनिक भवनहरुलाई प्रवलीकरण गर्न सकिने अवस्था अध्ययन गरी आवश्यक रुपमा प्रवलीकरण कार्य संचालन गर्ने |
| | आवासीय घरहरुलाई अस्पतालको रुपमा प्रयोग गर्नु अघि भुकम्पीय जोखिम विश्लेषण प्रतिवेदन माग गर्ने र भूकम्पीय जोखिम भएका घरहरुमा अस्पतालहरु संचालन गर्ने स्वीकृति नदिने |
| | सार्वजनिक भवन तथा अस्पतालमा सुरक्षित वहिर्गमन मार्गको पहिचान गर्न लगाउने र भेला हुने स्थान तोक्न लगाउने |
| | भूकम्पको पूर्वतयारी सम्वन्धी कृत्रिम अभ्यासहरु संचालन गर्ने |
| | भूकम्प प्रतिरोधात्मक निर्माण सम्वन्धी अनुगमन गरी आवश्यकता अनुसार दण्ड सजायको व्यवस्था गर्ने |
| | |
| | महानगर, वडा तथा समुदाय स्तरमा खोज तथा उद्धारको सामाग्रीव्यवस्थापन गर्ने विधालयमाआपतकालीनवर्हिगमनमार्ग निर्धारण गर्ने तथा समय समयमा कृतिम अभ्यास गराउने |
| | |
| बाढी, डुवान तथा कटान | रांप्ती तथा नारायणी नदिमा बाढी सम्वन्धित पूर्वसूचना प्रणाली स्थापना गर्ने |
| | डुङ्गा चलाउने जनशक्ति तयार पार्ने तथा मनसुनपुर्व कृतिम घटना अभ्यास गर्ने |



Scanned with CamScanner

| | |
|---|---|
| | वाढी तथा पहिरोवाट जोखिममा रहेका वस्तीहरु पहिचान गरी अध्यीकरणका कार्यहरु संचालन गर्ने |
| | शहरी गरिवहरु रहेका अव्यव्यस्थित स्थानहरु वाढीवाट जोखिममा रहेकोले ती स्तानहरुमा पूर्वतयारी तथा जनचेतनाका कार्यक्रम संचालन गर्ने |
| | वढीवाट वच्नको लागि अपांगता भएका व्यक्ति, ज्येष्ठ नागरिक, वालवालिका लगायतका संकटासन्न समुदायलाई उपयुक्त हुने गरी चेतनामुलक कार्यक्रम संचालन गर्ने |
| | शहरी क्षेत्रमा डुवान कम गर्न क्रमिक रुपमा पानी निकासका पूर्वाधारहरु (ढल) विकास गर्ने र खुल्ला स्थानहरु भएमा सुरक्षित रुपमा पानी जम्मा गर्ने, पानी जम्मा हुने स्थानमा फोहोर जम्मा भएको भए त्यसको सफाई गर्ने |
| | मुख्य शहरी क्षेत्रमा डुवान कम गर्न वर्षाको सतही पानीलाई ढलसँग नमिसाउने, पोखरीहरुमा जम्मा गर्ने |
| | वाढी आउने खोला तथा नदीमा वाढीको सतह अवलोकन गर्ने व्यवस्था गर्ने |
| | पूर्वसूचनावाट प्राप्त भएको विवरण जोखिममा रहेका समुदायलाई अवगत गराउने |
| | सूचना अवगत गराउँदा अपांगता भएका व्यक्ति, ज्येष्ठ नागरिक, वालवालिका लगायतका संकटासन्न समुदायले पनि प्राप्त गर्ने गरी फरक फरक माध्यम अपनाएर गराउने |
| | वाढी प्रभावित वडाहरुमा डुंगा तथा लाईफ ज्याकेट सँगै अन्य सुरक्षाका सामाग्रीको व्यवस्था गर्ने |
| | सडक पेटीहरु पानी सोस्न मिल्ने गरी विकास गर्ने र कंक्रिट पेटीको वीचवीचमा माटो भएको स्थान तथा सोक पीटहरुको व्यवस्था गर्ने |
| | वाढीको पूर्वतयारी सम्वन्धी कृत्रिम अभ्यासहरु संचालन गर्ने । |
| आगलागी | प्रत्येक वडामा तथा आगलागी संकटासन्न वस्तीहरुमा पानी ट्याँकीहरुको व्यवस्था गर्न लगाउने |
| | तत्काल आगलागी नियन्त्रणका लागि समुदाय स्तरमा पानी संकलन गर्ने अभ्यास गराउने |
| | टोल विकास संस्थाहरु तथा स्वंसेवकलाई आधारभूत आगलागी नियन्त्रण सम्वन्धी तालिम उपलव्ध गराउने र आवश्यक सामाग्रीहरुको वन्दोवस्ती गर्ने |
| | घर निर्माणसँग अग्नी शमनयन्त्र राख्ने प्रवन्ध मिलाउने |
| | सवै घर तथा भवनमा अग्नी शमनयन्त्र राख्ने निर्देशन दिने र सो सम्वन्धी कडाइकासाथ अनुगमन गर्ने । |
| | सार्वजनिक भवनहरुमा आगलागीको धुवाँवाट चेतावनी दिने अलार्महरु राख्ने । |
| | वारुण यन्त्र शाखालाई आगलागी सुरक्षा सम्वन्धी क्रमिक रुपमा विभिन्न समुदायमा सुपरिवेक्षण गर्न लगाउने |

| | |
|---|---|
| | आगलागी जोखिम युक्त स्थानको रुपमा रहेका पेट्रोल पम्पहरुको अध्ययन गरी प्रट्रोल पम्पहरु तथा तिनका आसपासका क्षेत्रमा आगलागी नियन्त्रण सम्वन्धी प्रविधिहरु स्थापना गर्ने । |
| | मूख्य शहरी क्षेत्रमा आगलागी नियन्त्रणका लागि उपयुक्त अध्ययनका आधारमा स्थानहरु पहिचान गरी fire hydrants हरु स्थापना गर्ने । दमकल नपुग्ने टोलमा यस प्रकारका प्रविधिलाई प्रोत्साहन दिने |
| | विद्युत सम्वन्धी दुर्घटना कम गर्न उपयुक्त भार क्षमताको विद्युतीय सामाग्री राख्नको लागि विद्युत प्राधिकरणसंग समन्वय गर्ने |
| | घरघरमा ग्यांस सिलिन्डर तथा चुल्होरवाट आगलागी हुन सक्ने हुंदा घरमा वा छरछिमेकमा नै त्यो आगलागी कसरी नियन्त्रण गर्न सकिन्छ भन्ने विषयमा टोल विकास संस्थाका सदस्यहरुलाई तालिम दिने । |
| | आगलागी प्रतिरोधी घर निर्माण र सामाग्रीहरुको वारेमा महानगरका वासिन्दाहरुलाई जानाकारी गराउने |
| | शहरी क्षेत्रमा रहेका गरिव वस्तीहरुमा विद्युतीय तारहरु भूई सतहमा लत्रेको हुंदा त्यसलाई व्यवस्थित गर्न विद्युत प्राविधकरणसंग साझेदारी गरी विद्युतीय तारहरुलाई भूमिगत गर्ने वा शुरक्षित उचाईमा राख्ने |
| महामारी | गर्मी समयमा आउने डेँगु लगायतका रोगहरुको वारेमा समुदाय तथा टोल स्तरमा जनचेतना अभिवृद्धि गर्ने |
| | जेष्ठ नागरिकलाई प्राथमिकतामा राखिउपचार गर्न, प्रयाप्त वेड सहित जेष्ठ नागरिक वार्ड व्यवस्थापन गर्ने |
| | महामारीका लक्षण, फैलिने आधारहरु, नियन्त्रणका उपायहरुको वारेमा जनचेतना अभिवृद्धि गर्ने |
| | महामारी नियन्त्रणको लागि स्वास्थ्य सामाग्रीहरु घरधुरी तहसम्म नै पुराउने व्यवस्था मिलाउने |
| | महामारी नियन्त्रणका लागि स्वास्थ्य आपतकालीन सेवा केन्द्र संचालन गर्ने |
| | सार्वजनिक यातायात तथा सार्वजनिक स्थानहरुमा सरसफाई सम्वन्धी ज्ञान, आचरण र अभ्यास प्रवर्द्धन गर्ने किसिमका सामाग्रीहरु सम्प्रेषण गर्ने । |
| | शहरी केन्द्रहरुमा पानी जम्मा हुने स्थान, फोहोरमैला संकलन गर्न स्थान, आदिलाई नियमित रुपमा निर्मलीकरण गर्ने |
| | अस्पतालमा तथा अन्य स्थानहरुमा सम्भावित प्रभावित भएकाहरुलाई सुरक्षित रुपमा राख्न आइसोलेशन क्षेत्र पशिचान गर्ने र त्यसको लागि अस्पताल तथा स्वास्थ्य केन्द्रहरुलाई सामाग्री सहित तयारी अवस्थामा राख्ने |
| चट्याङ | चट्याङको जोखिम कम गर्न घना वस्ती, धेरै मानिस भेला हुने सार्वजनिक स्थान । वसपार्क, विद्यालय) आदिमा एरेस्टरहरु राख्ने । |
| | सकेसम्म घर वरिपरी अग्ला रुखहरु राख्न दुरुत्साहन गर्ने |
| | चट्याङको समयमा घरभित्र वस्न र सकेसम्म अग्ला भवनको आसपासमा रहनुहुँदैन भन्ने सम्वन्धी जनचेतना फैलाउने |

| | |
|---|---|
| अन्य प्रकोप | सडक वा यातायात दुर्घटना र त्यसबाट हुने क्षति कम गर्न गती सिमित गर्ने संरचना तथा सूचना पाटीहरु राख्ने |
| | यातायातका साधनको गती अनुगमन गर्ने क्यामेराहरु राख्ने र अत्याधिक गतीमा गाडी हाँक्ने चालकलाई कारवाही गर्ने |
| | बाली तथा पशु बीमालाई प्रवर्द्धन गर्न बीमा कम्पनी तथा कृषकहरुबीच अन्तर्क्रिया गराउने |
| | खडेरीको समयलाई पनि सहन सक्ने प्रकृतिका कृषि बीउहरु प्रवर्द्धन गर्ने |
| पूर्वतयारी सम्बन्धी अन्य कार्यहरु | विभिन्न प्रकोपबाट सिर्जना हुने आपतकालीन अवस्थामा सबैभन्दा धेरै जोखिममा रहन सक्ने वा संकटासन्न व्यक्तिको विवरण अग्रिम रुपमा तयार गर्ने |
| | प्रत्येक वडामा माइक, सिठ्ठी, डोरी, लाइफ ज्याकेट तथा प्रतिकार्यमा सहयोगी हुने खोज तथा उद्धार एवं राहतका सामाग्री आदिको व्यवस्था गर्ने |
| | प्रत्येक वडामा प्रकोपको समयमा प्रयोग गर्न सकिने सुरक्षित बहिगर्मन मार्गहरु पहिचान गर्ने |
| | आपतकालीन अवस्थामा प्रयोग गर्नको लागि प्रत्येक वडामा सुरक्षित आश्रयस्थलको पहिचान गर्ने र आश्रयस्थलमा लैङ्गिक मैत्रीशौचालय,तथा सुरक्षितकक्षको ज्यवस्थापन गर्ने |
| | लैङ्गिक मैत्री शौचालय,तथा सुरक्षित कक्षको व्यवस्थापन गर्ने |
| | आपतकालीन अवस्थामा प्रयोग गर्नको लागि प्रत्येक वडामा खुल्ला स्थान पहिचान गर्ने र ती स्थानहरुमा आवश्यक सामाग्रीको बन्दोवस्ती गर्ने । |
| | आपतकालीन कार्यसंचालन केन्द्र, नगर तथा वडास्तरीय विपद् व्यवस्थापन समिति, सुरक्षा निकाय, रेडक्रस, वारुण यन्त्र तथा एम्बुलेन्सको संपर्क फोन नं हरु संकलन गरी प्रत्येक वडा तथा परिवारमा संप्रेपण गर्ने |
| | वडा तहमा रहेका खोज तथा उद्धार, लेखाजोखा, प्राथमिक उपचार, आदि विषयमा तालिमप्राप्त व्यक्तिहरुको संपर्क नंबर सहित सूची तयार गर्ने |
| | टोल विकास संस्था, युवा क्लव, गुठी, बाल समुह तथा आमा समुहलाई विपद् पूर्वतयारी सम्बन्धि तालिम दिने र परिचालन गर्ने |
| | महानगरपालिकामा रहेको आपतकालीन कोपलाई वृद्धि गर्दै लैजाने र सो कोपलाई आपतकालीन पूर्वतयारीका क्रियाकलापहरु समेतमा खर्च गर्ने परिपाटी वसाल्ने |
| | प्रत्येक वडा तथा महानगरपालिका स्तरमा आपतकालीन अवस्थाको हानी नोक्सानी भारलाई आधार मानी कृतिम अभ्यास संचालन गर्ने |
| | विषयगत क्षेत्रका सदस्य तथा जनप्रतिनिधिहरुलई सहभागी गराई मानवीय सहयोग सम्बन्धित न्यूनतम मापदण्डहरुको बारेमा अभिमुखिकरण गर्ने |
| | खोज तथा उद्धार सम्बन्धी र कुनै संस्थाबाट प्राप्त भएका राहत सामाग्री भण्डारण गर्न भण्डारण कक्ष तयार गर्ने |
| | संचार माध्यमका प्रतिनिधिहरुलाई आपतकालीन रिपोर्टिङको तथा संचार सम्बन्धी तालिम प्रदान गर्ने |
| | सबै गरीब (शहरी गरिव समेत) तथा सुकुम्बासीको लागि आपतकालीन पूर्वतयारी क्षमता वृद्धि गर्न जिविकोपार्जन सम्बन्धी क्रियाकलापहरु संचालन गर्ने |



Scanned with CamScanner

| | |
|---|---|
| | कुनै पनि सार्वजनिक संरचनाहरु जस्तै भवनहरु निर्माण गर्दा अपांगता भएका व्यक्तिहरुको पहुँच पुग्ने गरी निर्माण गर्ने (जस्तै र्याम्प, ह्वीलचेयर जाने ढोका र बाटो, आदि) |
| | राहत सामाग्री उपलब्ध गराउने बजार, व्यापारिक संघ संस्था तथा व्यापारीहरुको पहिचान गर्ने र वार्षिक रुपमा उनीहरुको क्षमता अद्यावधिक गर्ने |
| | आपतकालीन पूर्वतयारी तथा प्रतिकार्य योजना तथा आपतकालीन कार्यसञ्चालन केन्द्रको कार्यविधिका विषयवस्तु समावेश गरी महानगर स्तरीय विपद न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७५ लाई अद्यावधिक गर्ने |
| | महानगरपालिकाको विपद् तथा जलवायु उत्थानशील योजनाको मस्यौदामाथि पुनरावलोकन गरी अन्तिम रुप दिने |
| | विपद् शाखामा कार्यरत कर्मचारीहरुलाई विपद्को प्राविधिक विषयको नेतृत्व लिन विभिन्न तालिमहरु सञ्चालन गर्ने |
| | आपतकालीन पूर्वतयारी तथा प्रभावकारी प्रतिकार्य सम्बन्धी क्रियाकलाप कार्यन्वयन गराउन महानगरपालिका तथा वडास्तरीय समितिका सदस्यहरुलाई अभिमूखिकरण गर्ने |
| | आपतकालीन अवस्थामा राहतबाट प्रभावित तथा संकटासन्न समुदायको पीडा कम गर्न अन्तर्राष्ट्रिय मानवीय कानून अनुसार विपद् प्रभावित व्यक्तिको अधिकारको रुपमा राहत प्रदान गर्न विपद् राहत मापदण्ड लागु गर्ने |
| | खोज तथा उद्धारको क्रममा प्रभावित सबै समूहलाई उत्तिकै सहयोग आवश्यक भएपनि जोखिममा पर्न सक्ने बालबालिका, ज्येष्ठ नागरिक, अपांगता भएका व्यक्ति आदि अन्य समूहभन्दा थप जोखिममा पर्न सक्ने हुनाले खोज तथा उद्धारको क्रममा त्यस प्रकारका समूहलाई उनीहरुको लगत राखी प्राथमिकताका साथ उद्धार गर्ने |
| | अस्पतालमा पनि आगलागी प्रभावितहरुको लागि घाइतेको वर्गिकरणका आधारमा उपचार गर्ने व्यवस्था मिलाउने |
| | भूकम्प तथा आगलागी तयारीको लागि नीजि अस्पतालसंग पनि सहकार्य गर्ने र स्वास्थ्य पुर्वतयारी योजना तयार गर्ने |
| | अस्पताल तथा स्वास्थ्य सेवा प्रवाह गर्ने निकायमा महिला तथा अपांगता भएका व्यक्ति विशेष संरचना पर्याप्त नभएको हुंदा त्यस प्रकारको सेवाहरु सुनिश्चित गर्ने |
| | बालबालिका, अपांगता भएका बालबालिका, दलित समुदायका बालबालिका, गरिब परिवारका बालबालिका, आदि आपतकालीन अवस्थामा बेचबिखन, बालमजदुरी जस्ता कार्यमा जोखिममा रहने भएकोले उनीहरुको संरक्षणमा विशेष ध्यान दिने |

## ५. योजना सम्बन्धित विविध विषयहरु

### ५.१ योजना कार्यन्वयनको लागि स्वयंसेवक परिचालन

नेपाल सरकारले दिएको निर्देशन तथा भरतपुर महानगरपालिकाको आवश्यकता अनुसार आपतकालीन अवस्थामा स्वयंसेवकहरुलाई परिचालन गर्न महानगरपालिकाले स्वयंसेवक परिचालन मार्गदर्शन तर्जुमा गर्नेछ। यसै मार्गदर्शनलाई आधार मानी स्वयंसेवकको सुरक्षा समेतलाई ध्यान दिंदै उनीहरुलाई आवश्यक

तालिम प्रदान गरी आपतकालीन अवस्थामा परिचालन गरिनेछ। स्वयंसेवकलाई उचित प्रोत्साहन समेत उपलब्ध गराइनेछ।

## ५.२ महानगरपालिका स्तरीय आपतकालीन कार्यसंचालन केन्द्रको कार्यविधि

भरतपुर महानगरपालिकाले महानगरपालिकामा स्थापित आपतकालीन कार्यसंचालन केन्द्रको कार्यविधिको मस्यौदा तयार गरेको छ। केन्द्रले यस योजना कार्यान्वयनमा समेत नेतृत्वदायी भूमिका निर्वाह गर्ने हुँदा यस योजना र केन्द्रको कार्यविधिलाई समायोजन गरी आपतकालीन पूर्वतयारी तथा प्रतिकार्यको जिम्मेजारीहरु तय गरिएका छन्।

केन्द्रको कार्यविधिमा यस योजना कार्यान्वयनमा समेत सहयोग पुग्ने अन्य विवरणहरु पनि उल्लेख गरिएको छ। कार्यविधिमा द्रुत लेखाजोखा गर्ने फाराम, केन्द्रमा रहने सामाग्रीहरु, महानगरपालिकाका महाशाखा, शाखा तथा वडाको संपर्क नंवरहरु, संचार माध्यमका संपर्क नंवरहरु, तथा अन्य संघ संस्थाका संपर्क नंवरहरु पनि समावेश गरिएको छ।

## ५.३ योजना अद्यावधिक कार्य

भरतपुर महानगरपालिकामा आपतकालीन समयमा संपादन गरिने क्रियाकलाप तथा जिम्मेवारीहरु तोकिएको यस आपतकालीन पूर्वतयारी तथा प्रतिकार्य योजनालाई समय सान्दर्भिक वनाउन तथा समय अनुसार श्रोत साधनमा हुने परिवर्तन अनुसारको योजना वनाइराख्न यस योजनालाई वार्षिक रुपमा अद्यावधिक गरिनेछ। यसको नेतृत्व यस योजना कार्यान्वयनको जिम्मेवारी भएको शहरी विकास महाशाखा र त्यस अन्तरगत रहेको आपतकालीन कार्यसंचालन केन्द्रले गर्नेछ। यी निकाय मार्फत निम्नानुसारको प्रक्रिया अवलम्बन गरी योजना अद्यावधिक गर्ने कार्य गरिनेछ।

- महानगरपालिकाको वस्तुगत तथा जनसंख्यामा आएको परिवर्तनलाई निरन्तर रुपमा एकिकृत गर्दै जाने।
- महानगरपालिका क्षेत्रमा परिवर्तन भएको प्रकोप, विपद् तथा आपतकालीन अवस्थालाई विश्लेषण गर्ने।
- महानगरपालिकाको सुदृढ क्षमतालाई निरन्तर टिपोट गर्ने।
- विभिन्न संघ संस्था तथा महानगरपलिकाले विपद् जोखिम न्यूनीकरण तथा आपतकालीन व्यवस्थापनमा गरेका क्रियाकलापहरुलाई लेखाजोखा गर्ने।
- योजनामाथि कृत्रिस अभ्यास गर्ने क्रममा सिकिएका पाठहरुलाई समायोजन गर्ने।

## ५.४ योजना माथि कृतिम पूर्वाभ्यास

यस आपतकालीन पूर्वतयारी तथा प्रतिकार्य योजना माथि वर्षको एक पटक अन्तर्क्रियात्मक तथा छलफल विधिबाट कृतिम पूर्वाभ्यास संचालन गरिनेछ। यसको नेतृत्व यस योजना कार्यान्वयनको जिम्मेवारी भएको वातावरण तथा विपद् महाशाखा र त्यस अन्तरगत रहेको विपद शाखा एवं आपतकालीन कार्यसंचालन केन्द्रले गर्नेछ।

कृत्रिम अभ्यास सम्वन्धी कार्य गराउँदा तालिका नं ९ मा दिइए अनुसारका चरण तथा आवश्यकता अनुसारका प्रक्रियागत कार्यहरु अवलम्वन गरिने छ।

तालिका नं ९: कृत्रिम अभ्यास सम्बन्धी चरण तथा प्रक्रियागत कार्यहरु

| कृत्रिम अभ्यास सम्बन्धी चरण | प्रक्रियागत कार्यहरु |
|---|---|
| १. तयारी | १: पूर्वाभ्यासको समन्वयको लागि एक समुह गठन गर्ने<br>२. गठित समूहका जिम्मेवारीहरु प्रष्ट पार्ने वा एउटा Terms of Reference तयार गर्ने<br>३: पूर्वाभ्यासको लागि आवश्यक थप समुह पहिचान गर्ने<br>४. सरोकारवालाको सहभागिता सुनिश्चित गर्न परामर्श गर्ने<br>५. पूर्वाभ्यासको लागि उपयुक्त स्थानको छनौट गर्ने |
| २. विकास | १. घटना परिदृश्य निर्माण गन<br>२. परिदृश्यसँगै विपद्को समयमा थपिने घटना तथा अवस्थाको तयारी गर्ने<br>३. आवश्यक सामाग्रीहरु अभ्यास स्थलमा पुराउने<br>४. सहभागीहरुलाई निमन्त्रणा पठाउने र अन्य अन्तिम तयारी गर्ने। |
| ३. कार्यान्वयन | १. पूर्वाभ्यासको स्वागत सत्र संचालन गर्ने<br>२. पूर्वाभ्यास प्रारम्भ भएको जानाकरी दिने र सम्वन्धित निर्देशन दिने<br>३. आपतकालीन अवस्थाले पारेको परिवर्तित असरको वारेमा जानाकारी गराउने<br>४. पूर्वाभ्यास नियन्त्रण तथा मूल्यांकन कार्य भएको सुनिश्चित गर्ने<br>५. पूर्वाभ्यास कार्यलाई सम्पन्न गर्ने |
| ४. पुनरावलोकन तथा पूर्वाभ्यास पश्चात्को तयारी | १. पूर्वाभ्यासको वारेमा सहभागी वीचमा अनुभव साटासाट गर्न लगाउने<br>२ मूल्यांकन तथा प्रतिवेदन प्रस्तुत गर्ने<br>३. सुधारात्मक कार्यहरु पहिचान गर्ने<br>४. पूर्वाभ्यासको लागि आगामी योजना तर्जुमा गर्ने<br>५. कार्यक्रम समापन गर्ने |

कृतिम पूर्वाअभ्यास सम्वन्धीविस्तृत विवरण आपतकालीनपूर्वतयारी तथाप्रतिकार्य योजनाको कृतिम पूर्वाभ्यास मार्गदर्शनमाविस्तृत रुपमाछुट्टै वर्णन गरिएकोछ।



Scanned with CamScanner

## ५.५ राहत मापदण्ड

### राहत वितरणको लागि अपनाइने सिद्धान्तहरु

भरतपुर महानगरपालिकाले राहत वितरणका लागि निम्नानुसारका सर्वमान्य मानवीय सहयोग सम्वन्धी सिद्धान्तहरु आत्मसाथ गर्नेछ ।

| मानवीयता | तटस्थता | निष्पक्षता | स्वतन्त्रता |
|---|---|---|---|
| राहत वितरणको उद्धेश्य जीउधन तथा स्वास्थ्य संरक्षण गर्ने रहनेछ । | राहत वितरण गर्दा नगरपालिकाले कुनै विषेष वर्ग, समुह जाती, धर्म वा राजनीतिक आस्थाको पक्ष लिने छैन । | आपतकालीन आश्यकतालाई ध्यानमा राख्दै तत्कालीन आवश्यकतालाई आधार मानिनेछ र कुनै पनि समुहको पक्ष लिइने छैन । | राहत वितरण कार्य कुनै पनि राजनीतिक, आर्थिक वा सैन्य उद्धेश्यसंग जोडिने छैन । |

माथिका सिद्धान्तहरु भरतपुर महानगरपालिका तथा मानवीय सहयोग गर्ने संघसंस्थामा पनि लागु हुनेछ। यसका साथै मानवीय सहयोग उपलब्ध गराउने संघ संस्थाले राहत वितरण कार्य मार्फत धर्म परिवर्तन गर्न पाउने छैनन् ।

### राहत वितरणको लागि आत्मसाथ गरिने मार्गदर्शन

राहत वितरण गर्दा भरतपुर महानगरपालिकाले अन्तराष्ट्रिय तथा राष्ट्रिय मापदण्डलाई आत्मसाथ गर्नेछ । आत्मसाथ गरिने केही मापदण्डहरु यस प्रकारका रहेका छन् ।

- मानवीय बडापत्र तथा मानवीय प्रतिकार्यका न्यूनतम मापदण्ड (स्फियर मापदण्ड)
- आधारभूत मानवीय मापदण्ड
- विपद् पीडित उद्धार र राहत सम्बन्धी मापदण्ड, २०६४ (सातौ संशोधन २०७७)

### राहत वितरणको लागि प्राथमिक लक्षित समुह

भरतपुर महानगरपालिकाले राहत वितरणको लागि पारदर्शी राहत वितरण मापदण्ड अपनाउनेछ । राहतलाई दया वा मायाको कारणले उपलब्ध नगराई आपकालीन अवस्थामा विपद् पिडितले पाउने अधिकारको रुपमा लिइनेछ । राहत कार्यमा प्रभावित समुदायको समान पहुँचको प्रत्याभूति हुनेछ। यसका साथै संकटासन्न समुदाय तथा व्यक्तिहरुलाई राहत वितरणमा प्राथिमिकता दिइनेछ ।

श्रोतको उपलब्धताको आधारमा निम्नानुसारका आधारहरुलाई आत्मसाथ गरी राहत वितरण गरिनेछ ।

- मानवीय क्षति तथा घाइतेको संख्या
- पूर्ण रुपमा क्षति भएको घर
- आंशिक रुपमा क्षति भएको घर



Scanned with CamScanner

- विशेष आवश्यकता भएका व्यक्तिहरु: ज्येष्ठ नागरिक, वालवालिका, अपांगता भएका व्यक्ति, एकल महिला, सुत्केरी तथा गर्भवती महिला
- अन्य जोखिमयुक्त समूह: रोजगारी वा नियमित आयश्रोत नभएका परिवार, ज्यालादारीमा आश्रित र सो अवसर गुमेका व्यक्ति, शहरी गरीव, सुकुम्वासी, आदि

**राहतको परिमाण**

सकेसम्म राहत वितरण गर्दा स्फिएर मापदण्ड तथा विषयगत क्षेत्रले तोके अनुसार हुनेछ। राहत वितरण गर्दा परिवारका सदस्यहरुको संख्यालाई पनि आधार मानिनेछ।

**राहत वितरण मापदण्ड तथा अद्यावधिक कार्य**

राहत वितरणको लागि छुट्टै मापदण्ड तयार गरिएको छ। यद्यपि सिकाइहरुलाई आधार मानी मापदण्डलाई प्रत्येक वर्ष अध्यावधिक गरिनेछ।

**६. निष्कर्ष**

महानगरपालिकाले आपतकालीन पूर्वतयारी तथा प्रतिकार्य योजनालाई जिवित तथा क्रियाशील दस्तावेजको रुपमा लिनेछ। यसलाई कार्यान्वयन गर्न महानगरपालिको पुर्ण नेतृत्व हुनेछ। यद्यपि यसलाई अझ प्रभावकारी तथा व्यवहारिक वनाउनको लागि विभिन्न सरोकारवालाहरुको पृष्ठपोषण, राय तथा सुझाव निरन्तर रुपमा लिइनेछ।

महानगरपालिकाले आफ्नो श्रोतले भ्याएसम्म यस योजना कार्यान्वयनको लागि प्रतिवद्ध रहनेछ। यसका साथै नगरपालिका तथा जिल्ला तहमा रहेको संघ संस्थाको सहयोग प्रति पनि कृतज्ञ हुनेछ। यस योजनाको समग्र अनुगमन तथा मूल्यांकन महानगरपालिका स्तरीय विपद् व्यस्थापन समितिले गर्नेछ।



Scanned with CamScanner